साहसिक पत्रकारिता
संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

राष्ट्रिय पाक्षिक

www.saharatimes.com.np

● वर्ष १६, ●पूर्णाङ्क ३३२, ● अंक २ ●२०८१ साल असोज १-१५ गते ● (17 September, 1 October, 2024) ●मूल्य रु. १०



▶ पृष्ठ ५

मधेश आन्दोलनको माग
धर्मनिरपेक्ष राष्ट्र कहिले थिएन




▶ पृष्ठ ३

मधेशको हितमा छैन
ईपीजीको प्रतिवेदन



साइन्स पढेर डाक्टर बन्ने सोच बनाउनु
भएको प्रियंका बन्नुभयो पत्रकार

▶ पृष्ठ ६-७



# भारतले न बोलाएको कि नगएको ?

नेपालमा प्रधानमन्त्री नियुक्त हुने बित्तिकै सबभन्दा पहिले भ्रमणका लागि भारतबाट निम्तो आउँछ। अहिलेसम्मको परम्परा अनुसार एक दुई जनाबाहेक हरेक प्रधानमन्त्री पहिला भारतको भ्रमण गरेका छन् त्यसपछि मात्र अन्य देशको भ्रमणमा जाने गरेको देखिन्छ। तर एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त भएको दुई महिना भइसक्यो तर भारतले हालसम्म भ्रमणका लागि औपचारि निम्तो दिएको छैन।

बरु प्रधानमन्त्री ओलीले नै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई दुई पटक औपचारिक रुपमा नेपालको भ्रमणका लागि निम्तो पठाई सक्नु भएको छ। तर भारतबाट हालसम्म न कुनै निम्तो आएको छैन न ओलीले पठाएको निम्तोको कुनै प्रतिकृया आएको छ। भारतले भ्रमणका लागि निम्तो दिएको भए प्रधानमन्त्री ओली पहिला त्यहाँको भ्रमण सकाएर मात्र अन्य देश जानु हुन्थ्यो तर भारतले नै रेसपोन्स नगरेपछि उहाँ असोज ५ गते अमेरिका भ्रमणमा जान लाग्नु भएको हो। भारतीय विदेश सचिव बिक्रम मिस्री नेपाल भ्रमणमा आएको बेला धेरैले आश गरेको थियो कि प्रधानमन्त्री मोदीले भ्रमणका लागि निम्तो पठाएको होला। मिस्रीले पनि केही भन्नुभएन। बरु मिस्री भारत फर्किन लाग्दा प्रधानमन्त्री ओलीले उल्टै मोदीलाई नेपाल भ्रमणको निम्तो पठाउनुभयो।

भारतसँग प्रधानमन्त्री ओलीको सम्बन्ध राम्रो छैन। त्यो सम्बन्ध सुधारका लागि परराष्ट्रमन्त्री डा.आरजुराणा देउवालाई उहाँले भारत पठाउनु भएको थियो। प्रधानमन्त्री मोदीका लागि नेपाल भ्रमणको निम्तो समेत पठाउनु भएको थियो। तर परराष्ट्रमन्त्री आरजु भारतबाट फर्किदा सकारात्मक सन्देश लिएर नफर्केपछि प्रधानमन्त्री ओली फायर हुनुभएको छ। र, त्यसपछि उहाँले भारत विरुद्धमा फायर खोल्नु भएको छ।

**बाँकी पृष्ठ ९ मा**

## अभिमत

## सम्पादकीय

# भरोसा हुलाकी क्याम्पसको

तराई मधेशको लाइफलाइन मानिएको हुलाकी सडक निर्माणले जनतामा खुशी देखिन्छ। हुन त हालसम्म भौतिक प्रगति ६५ प्रतिशत मात्र देखिएको छ। अझै ३५ प्रतिशत काम बाँकी रहेको तथ्यांकबाट बुझ्न सकिन्छ। तर जेजति बनेका छन् त्यसले मधेशको हरेक क्षेत्रमा सकारात्मक प्रभाव पारेका छन् । सामाजिक, आर्थिक, साँस्कृतिक, शैक्षिकलगायत हरेक क्षेत्रमा सकारात्मक प्रभाव परेको छ। मधेशको शैक्षिक अवस्था त्यतिकै पनि खस्केको छ। त्यसमा पनि महेन्द्र राजमार्गभन्दा दक्षिणको अवस्था झन भयावह छ। त्यसमा हुलाकी राजमार्ग छेउछाउका शिक्षाका अवस्था दैनिय छ। त्यहाँको पढाइ लेखाइमा गुणस्तर छैन। त्यहाँ राम्रो विद्यालय छैन। भएका विद्यालयमा पनि पढाई त्यति राम्रो हुँदैन। त्यस वरपरका हुन खानेका बालबच्चाहरु काठमाडौँ, बिराटनगर, जनकपुरलगायतका ठूला ठूला शहरमा गएर पढ्ने गरेका छन् । गरिब तथा आर्थिक रुपमा कमजोर भएका बालबच्चाहरु त्यहीको स्कुलमा पढ्न बाध्य छन् । एसइइको परिणामदेखि लिएर प्लस टुको परिणाम हेर्दा हुलाकी सडक छेउछाउका स्कूलका परिणाम कमजोर देखिएको छ। तर त्यसलाई सुधार गर्ने प्रयास कहीबाट भएको देखिदैन।

हुलाकी राजमार्ग निर्माण भएको छ। यातायातको सुविधा भएको छ। ठाउँ ठाउँमा बजार बस्न थालेका छन् । जनताको आय स्रोतमा वृद्धि भएको छ। बोर्डिङ स्कूलहरु खुल्न थालेका छन्। यातायातको सुविधा भएको कारण गाउँघरका बच्चाहरु पनि शहरका बोर्डिङ स्कूलमा पढ्नका लागि जान थालेका छन् । तर शिक्षाको अवस्था जस्ताको त्यस्तै छ। यस अवस्थामा हुलाकी राजमार्गस्थित सिरहा जिल्लाको वरियारपट्टीमा हुलाकी बहुमुखी क्याम्पस सञ्चालनमा आएको छ। यसले आशाको किरण देखाएको छ। मधेश प्रदेशको राजर्षि जनक विश्वविद्यालयबाट हुलाकी क्याम्पसले बीबीए कक्षा सञ्चालनका लागि सम्बन्धन पनि प्राप्त गरिसकेको छ। सो कक्षा यसै आर्थिक वर्षदेखि सञ्चालन गर्ने भनेको छ। यसले गर्दा सिरहाको हुलाकी राजमार्ग वरपरका जनता खुशी देखिन्छन्। हुलाकी राजमार्गमै क्याम्पस खुल्ने भएपछि टाढा टाढा पढ्न जान नपाउने विद्यार्थीका लागि निकै खुशीको कुरा भएको छ। सिरहा जिल्लामा हुलाकी सडक वरपर सिरहा क्याम्पसबाहेक अरु कुनै क्याम्पस थिएन। त्यसले गर्दा त्यहाँका विद्यार्थीहरुलाई उच्च शिक्षाका लागि गाह्रो भइरहेको थियो। सिरहा क्याम्पसको शैक्षिक वतावरण राम्रो नभएको कारण विद्यार्थी त्यहाँ जाँदैनन्। त्यहाँ विद्यार्थी सँख्या एकदमै न्युन छ।

क्याम्पस पढ्नका लागि विद्यार्थीहरु गोलबजार, लहान, मिर्चैया जाने गरेका छन्। आर्थिक अवस्था राम्रो भएका विद्यार्थीहरु बिराटनगर, जनकपुर, काठमाडौसम्म जाने गरेका छन्। तर अब हुलाकी राजमार्गको ग्रामिण क्षेत्रमा क्याम्पस खुलेपछि विद्यार्थीहरुका लागि सजिलो भएको छ। त्यसमा पनि छात्राहरुका लागि निकै नै सजिलो भएको छ। सिरहाको नवरापुर गाउँपालिका, वरियारपट्टी गाउँपालिका र औरही गाउँपालिकाका विद्यार्थीका लागि हुलाकी बहुमुखी क्याम्पस बरदान सावित हुने आशा त्यसभेगका जनताले गरेका छन्। यो क्याम्पस स्थापनाका लागि २०७५ सालदेखि नै विचार विमर्श सुरु भएको थियो।

त्यो विमर्शसँगै त्यहाँका स्थानीय तथा शिक्षाप्रेमीहरुले २०७९ सालमा एउटा महायज्ञको आयोजना गरेको थियो। सो महायज्ञबाट दुई करोडभन्दा बढी रकम संकलन भएको थियो। सोही रकमले क्याम्पसका लागि जमिन पनि खरिद गरेको छ। जमिन क्याम्पसको नाममा नामसारी नभएको कारण भवन बनाउन प्रकृया सुरु भएको छैन। राजर्षि जनक विश्वविद्यालयबाट क्याम्पसले सम्बन्धन पाइसकेपछि अब जमिन पनि क्याम्पसको नाममा आइपुग्छ भनि त्यहाँका स्थानीयहरु बताउछन्। क्याम्पसको भवन निर्माण नभएसम्म बिहानी कक्षा त्यहीको श्री जनता नमुना प्राविधिकधारमा सञ्चालन गर्ने भएको छ। सम्बन्धन पाउने बित्तिकै क्याम्पसले भर्ना पनि खुल्ला गरेको छ। त्यहाँबाट एउटा अर्को खुशीको कुरा बाहिर आएको छ। सिरहा जिल्लाकै हुलाकी राजमार्गमा पर्ने नवराजपुर गाउँपालिकाले पनि आफ्नो गाउँमा क्याम्पस खोल्नका लागि विचार विमर्श सुरु गरेको छ। त्यसका लागि पटक पटक छलफल भएको छ। हुलाकी क्याम्पसका लागि चुनौती पनि छ। सो भेगका अन्य स्कूल तथा क्याम्पसहरु जस्तै यसले पनि गुणस्तर शिक्षा दिन सकेन भने सिरहा क्याम्पसकै जस्तो हालत हुन्छ। भारतीय सीमासँग जोडिएको हुलाकी राजमार्गमा जति पनि क्याम्पसहरु छन् । कुनै पनि राम्रो प्रगति गरेको छैन। त्यसको प्रभाव हुलाकी क्याम्पसमाथि पर्दैन भनि भन्न नसक्ने अवस्था छैन। त्यसका लागि सचेत रहनु पर्ने आवश्यकता छ।

## तथ्यांक आफै बोल्छ

सबैभन्दा बढी र कम साक्षरता दर (%) हुने पाँच/पाँच वटा जिल्लाहरु

| जिल्ला | साक्षरता दर (%) | | |
|---|---|---|---|
| | जम्मा | पुरुष | महिला |
| काठमाडौं | ८९.२३ | ९४.१९ | ८४.१६ |
| ललितपुर | ८८.०८ | ९३.४१ | ८२.७५ |
| भक्तपुर | ८७.९६ | ९४.१० | ८१.७४ |
| कास्की | ८७.७३ | ९३.४१ | ८२.३९ |
| चितवन | ८३.६८ | ८८.९१ | ७८.७४ |

| जिल्ला | साक्षरता दर (%) | | |
|---|---|---|---|
| | जम्मा | पुरुष | महिला |
| रौतहट | ५७.७५ | ६६.०२ | ४९.४८ |
| महोत्तरी | ५९.७७ | ६८.३७ | ५१.५५ |
| सर्लाही | ६०.३१ | ६८.२३ | ५२.३४ |
| हुम्ला | ६३.८४ | ७३.३५ | ५४.२६ |
| बारा | ६४.५४ | ७३.१४ | ५५.६३ |

## पाठक पत्र

saharatimes.com.np@gmail.com




### सुजातको बाटोमा आरजु

स्व.गिरीजाप्रसाद कोइराला हुँदासम्म सुजाता कोइराला कति शक्तिशाली थिइन् त्यो कुरा कसैबाट लुकेको छैन । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएपछि त सुजाता कोइराला झन शक्तिशाली भएकी थिइन् । प्रधानमन्त्री भएको बेला जति भिड गिरिजाप्रसाद कोइरालाको निवासमा हुँदैन्थ्यो त्यति भिड सुजाता कोइरालाको निवासमा हुन्थ्यो । सारा शक्ति केन्द्रको दौडधुप सुजाताको निवासमा नै हुन्थ्यो । देशका ब्युरोक्रेसीदेखि लिएर हरेक तहतप्काका व्यक्तिहरु साँझ विहान सुजाताको निवासमा पुग्थे । सुरक्षा निकायको प्रमुखदेखि लिएर संवैधानिक अंगका प्रमुखहरु पनि सुजाताकैमा पुग्थे । देशभरका पार्टीका साना ठूला नेताहरु पनि उनकै निवासमा पुग्थे । राष्ट्रिय अन्तराष्ट्रिय जगतले पनि शक्तिशाली लेडीको रुपमा सुजातालाई मानि सकेका थिए । यहाँसम्म कि गिरिजाप्रसादपछि सुजाता नै पार्टीको नेतृत्वमा आउनेसम्मको चर्चा हुन्थ्यो ।

सुजातासँग भेट्न त्यतिबेला प्रधानमन्त्री जतिकै गाह्रो थियो । हो आज त्यस्तै अवस्था आरजु राणा देउवाको छ । उनी अहिले देशको परराष्ट्रमन्त्री छिन् । पटक पटक प्रधानमन्त्री भइसकेका तथा काँग्रेस पार्टीका सभापति शेरबहादुर देउवाका श्रीमती पनि हुन् । काँग्रेस पार्टीका र शेरबहादुर देउवाका सारा शक्ति आरजुमा केन्द्रीत भएको छ । परराष्ट्रमन्त्री हुनुले उनको शक्तिमा केही तलमाथि भएको छैन । उनलाई भेट्न पहिला पनि जति मान्छे आउथे आज पनि त्यति नै मान्छे आइरहेका छन् । पहिला जुन शक्ति केन्द्रहरु उनका वरिपरी हुन्थे आज पनि त्यही शक्ति केन्द्रहरु देखिन्छन् ।

पार्टीका नेता तथा कार्यकर्ताहरु पनि उही छन् । अर्थात आरजु आज जुन शक्तिमा पुगेका छन् त्यो शेरबहादुर देउवाको कारणले मात्र हो । जसरी गिरिजाप्रसाद कोइरालाका कारण सुजाता कोइराला शक्तिशाली थिइन्, त्यसरी शेरबहादुर देउवाका कारण आरजु शक्तिशाली छिन् । गिरिजाप्रसादको समाप्तिपछि जसरी सुजाता कोइरालाको शक्ति समाप्त भयो त्यसरी नै शेरबहादुरको देउवाको समाप्तिपछि आरजुको शक्ति पनि समाप्त हुनेछ । अहिले सुजाता कसैलाई याद पनि छैन । सुजातालाई सबै बिर्सिसके । सुजाताको स्थान न पार्टीमा छ न कुनै सरकारमा । उनले बोलेका पनि कसैले सुनिका छैनन् । यस्तै हालत आरजुको पनि हुने निश्चित छ । शेरबहादुर देउवा हुँदासम्म आरजुको चमकधमक छ । अन्त्यमा सुजातकै बाटोमा आरजु पनि जानेछिन् ।

***गणेश महतो, सर्लाही***
*ganesh.mahatoji2021@gmail.com*

### रामकुमार शर्मा कसरी भाग्यमानी ?

'पाँच महिनामा जसपा नेपालको महासचिव बन्ने भाग्यमानी' (वर्ष १६, अंक १) समाचार पढेपछि केही लेख्न मन लाग्यो । नेपालीमा एउटा भनाइ छ, 'जहाँ खीर त्यही भिड' । यो कुरा ठ्याक्कै रामकुमार शर्माका लागि फिट हुन्छ । उहाँ जहिले पनि शक्तिको पछाडि कुद्ने मान्छे हुनुहुन्छ । माओवादी जनयुद्धमा हुँदा पनि उहाँमाथि अनेक आरोप लागेको थियो । त्यही भएर उहाँ धेरै समयसम्म भारतमै बस्नुभयो । सुन्नमा आएको छ त्यतिबेला उहाँले भारतमा आफ्नो छुट्टै व्यवसाय पनि चलाउनु भएको थियो । माओवादी पार्टीभित्र उहाँमाथि विभिन्न चार्ज थियो । त्यही कारणले जनयुद्धकालदेखि नै उहाँ माओवादी पार्टीभन्दा अलगथलग हुनुहुन्थ्यो । उपेन्द्र यादवले गठन गर्नुभएको मधेशी जनअधिकार फोरममार्फत नेपाली राजनीतिमा सक्रिय हुनुभयो । तर त्यो पार्टीबाट आन्दोलनकै क्रममा निस्किनुभयो र भाग्यनाथ गुप्ताहरुसँग मिलेर उहाँले छुट्टै एउटा पार्टी बनाउनु भयो तर त्यहाँ पनि लामो समय टिक्नुभएन । महन्थ ठाकुरहरुले बनाउन लाग्नुभएको तमलोपामा मिसिनुभयो । तर त्यहाँ पनि उहाँ टिक्न सक्नु भएन । संविधान सभाको सदस्य पद त्यागेर उहाँ माओवादीमा जानुभयो । त्यहाँ विभिन्न अवसरहरु लिनुभयो । तर जब प्रचण्डले अवसर दिन छाड्नुभयो अनि उहाँ त्यहाँबाट निस्केर उपेन्द्र यादव नेतृत्वको जसपा नेपालमा जानुभयो । पार्टीमा जाने वित्तिकै उहाँले महासचिव हात पार्नुभयो । पार्टीमा उहाँलाई उपेन्द्र यादवबाहेक अरु कसैले मन पराउनु भएको छैन । सबैले उहाँको विरोध नै गरिरहनु भएको छ । त्यो अवस्थामा उहाँले त्यहाँ लामो समय बस्न सक्नु हुन्न भनि लक्षण देखाउन थालिएको छ । महोत्तरीमा उहाँकै क्षेत्रमा जसपास नेपालकै नेताहरु उहाँप्रति रुष्ट छन् । उपेन्द्र यादवले पार्टीमा उहाँलाई बचाएर राख्न सक्नुभयो भने ठिकै हो नत्र कार्यकर्ता तथा नेताको माझमा उहाँप्रतिको बुझाई नकारात्मक छ । उहाँ भाग्यमानी होइन, पार्टीको लागि अभाग्यमानी हुनुहुन्छ ।


***राजेश यादव, सप्तरी***
***हाल: जडिबुटी, काठमाडौँ***

### भर्याङ्ग उक्लन नसकेका देवेन्द्र मिश्र

देवेन्द्र मिश्रको अन्तरवार्ता पढे । उहाँलाई राजनीतिकर्मी भन्दा पनि प्रध्यापकको रुपमा चिन्छु । उहाँलाई बौद्धिक व्यक्तिको रुपमा चिनिन्छ । उहाँ पढेलेखेका विद्धान पनि हुनुहुन्छ । तर राजनीतिमा विद्धानको कदर हुँदैन भने कुरा देवेन्द्र मिश्रलाई उदाहारणको रुपमा लिन सकिन्छ । अन्तरवार्तामा उहाँले राख्नु भएको विचार कति परिपक्क र कति सन्तुलित छ भने कुराले नै उहाँको विद्वता झल्किन्छ । गजेन्द्रबाबु काँग्रेस पार्टी छाडेर मधेशको राजनीतिमा आएपछि गजेन्द्रबाबुको सेकेण्डम्यानको रुपमा उहाँले काम गर्नुभएको थियो । पार्टी बनेपछि पनि सकेण्डम्यान नै हुनुहुन्थ्यो । पछि नेपाल सद्भावना पार्टीमा लामो समय महासचिव पनि रहनुभयो । कुनैबेला पार्टी टुटफुटको समयमा एउटा समूहको नेतृत्व पनि उहाँले गर्नुभएको थियो । तर साँप-सिढीको खेल जस्तै उहाँ सिढी कहिले चढ्नु भएन, कहिले काही सिढी चढेपनि सर्पले निलेपछि उहाँ फेरी तल झर्नु हुन्थ्यो । तल यति झर्नुभयो कि आज सिके राउत नेतृत्व गरेको जनमत पार्टीको समान्य कार्यकर्ता भएर बस्न बाध्य हुनुभएको छ । यो दृश्य हेर्दा दुख लाग्छ । म हण्ड्रेडप्रतिशत स्योर छु कि जनमत पार्टीमा पनि उहाँले सिढी पाउनु हुन्न । उहाँलाई सर्प नै हात लाग्छ ।

***अजय यादव, पर्सा विरगञ्ज (घण्टाघर)***

## फेसबुक



**रामरिझन यादव**

हामी सिरहाली आज फेरि गौरवान्वित महसूस गरिरहेका छौं । आज गौरवको अनुभूति गर्नुको कारण - प्राडा योगेन्द्र प्रसाद यादव हुन् । जसले नेपालका भाषाहरूको पहिचान, संरक्षण,अध्ययन र अनुसन्धान क्षेत्रमा निरन्तर समर्पित भई गहकिलो प्राज्ञिक योगदान गर्नु भएकोमा मदन पुरस्कार गुठीले उनलाई जगदम्बा-श्री पुरस्कारबाट सम्मानित गर्ने भएका छन् । सिरहा जिल्ला नहरनिया नवराजपुर गापाका बासी प्राडा योगेन्द्र प्रसाद यादवको बाल्यकाल यही खेत खलिहानमा गाईभैसी चराउदै बितेको थियो ।

निम्नमध्यम बर्गीय परिवारमा जन्मेका प्राडा योगेन्द्र प्रसाद यादवले त्रिभुवन विश्वविद्यालयमा अङ्ग्रेजी पढाउदा उनको सबैभन्दा बढी प्रशन्सा लेखनीको हुने गर्थ्यो । अन्तरमूखी स्वभावका प्रडा योगेन्द्र प्रसाद यादवको यही लेखनी र करनीमा तादत्यमयताको कारण आज उनलाई नेपालका एउटा प्रतिष्ठित संस्थाले उच्च सम्मान गर्न बाध्य भएका छन् । simple living and high thinking को पर्यायवाची प्राडा यादव सबैका लागि अनुसरण गर्ने अनुहार हुन् । बधाई सर !

# साना दल सिध्याउने यस्तो छ हिसाब किताब

साना दललाई सिध्याएर दुई दलीय राजनीति व्यवस्था ल्याउन गठन भएको काँग्रेस-एमाले गठबन्धनले हालै एउटा ट्र्यालमा फेल भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीबाट उपासभामुख बन्नुभएको इन्दिरा राणा मगरलाई हटाउने पुरा तयारी थियो गठबन्धनको । त्यसका लागि हरेक प्रयास गर्‍यो । संसदमा बहुमत पुर्‍याउन हस्ताक्षर अभियान समेत सञ्चालन गर्‍यो । विभिन्न दलका नेताहरुलाई समेत भेटेर छलफल गर्‍यो । तर बहुमत नपुगेपछि हाललाई पछाडि हटेको छ ।

सत्तापक्षमै रहेका दलहरु जनता समाजवादी पार्टी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, आम आदमी पार्टीले समेत प्रधानमन्त्री ओलीलाई साथ नदिएपछि काँग्रेस-एमाले गठबन्धन खासगरि प्रधानमन्त्री केपी शर्मा ओली पछाडि हट्नुभयो । साना दललाई सिध्याउने प्रपञ्च हो भनि थाह पाएर यी दलहरुले प्रधानमन्त्री ओलीको साथमा रहेपनि उपसभामुख हटाउने विषयमा साथ दिएनन् । ती दलहरु राम्रोसँग बुझेका छन् कि 'आज राष्ट्रिय स्वतन्त्र पार्टीलाई समाप्त गर्न लागेको छ भोली हाम्रो पालो पनि आउँछ ।'

जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले गलत नियतका साथ उपसभामुखलाई हटाउन खोजिएको दावी गर्नुभयो । सरकारले संवैधानिक परिषद्मा आफ्नो बहुमत पुऱ्याउनका लागि उपसभामुखलाई हटाउन लागेको दावी गर्दै उहाँले यो कार्य एकदम गलत नियतका साथ भइरहेको छ, साना दललाई समाप्त गर्ने नियत पनि रहेको बताउनुभयो ।

संवैधानिक परिषद्मा बहुमत पुर्‍याउनका लागि यो सब खेल भइरहेको बताउँदै आम आदमी पार्टीका अध्यक्ष प्रभु साहले यसमा ओली सफल हुनुभयो भने उहाँले यो देशमा साना दललाई तहस नहस गर्नुहुन्छ त्यसले सचेत रहन आफ्नो पार्टीका नेता तथा कार्यकर्तालाई सचेत रहन आग्रह गर्नुभयो । राणालाई हटाउन गरेको ट्राइलमा पास नभएपछि प्रधानमन्त्री ओलीले साना दलप्रति गरेको पछिल्लो टिप्पणीले पनि गठबन्धनको नियत प्रष्ट भएको नेताहरु बताउनु हुन्छ ।

नयाँ राजनीतिक दल खानकै लागि जन्मिएको पार्टी भएको टिप्पणी गर्दै प्रधानमन्त्री ओलीले अघिल्लो चुनावमा आफ्ना दलको भोट नयाँ पार्टीले खाएकोले २०८४ सालको चुनावमा सचेत रहन कार्यकर्ताहरूलाई निर्देशन समेत दिएका थिए । भदौं २९ गते एउटा कार्यक्रममा प्रधानमन्त्री ओलीले भन्नुभयो, ' हिजोका चुनावमा हाम्रो भोट कहाँ गयो त ? हुँदै नभएका पार्टीहरू जन्मिए, भाँडाको भात छैन खोइ भन्दा ती जन्मिएका खन्चुवाहरूले खाए होला नि । खान जन्मिएकाहरू छन् । अनि तिनका मुखमा गाँस चाहिँ कसरी पस्यो त ? त्यसकारण हामी होसियार हुनुपर्दछ, सक्रिय हुनुपर्दछ ।'

प्रधानमन्त्री ओलीको यो अभिव्यक्तिबाट साना दललाई समाप्त गर्न नै सबै खेल सुरु गर्नुभएको भनि प्रष्ट बुभन सकिन्छ । यसअघि उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालबाट अशोक राइहरुलाई अलग गराएर जनता समाजवादी पार्टी गठन गर्न लगाउनुभयो । अहिले त्यो पार्टीलाई आफ्नो पार्टीमा मिसाउने कसरत गरिरहनु भएको छ ।

आफ्ना पार्टीका पुराना नेता अशोक राइलाई बालुवाटारमा पटक पटक बोलाएर यस विषयमा प्रधानमन्त्री ओलीले छलफल गर्नुभएको छ । 'अब हामी मिल्नुको विकल्प छैन, साना दलहरु त्यतिकै समाप्त हुँदैछ, तपाईको पार्टीलाई एमालेमा विशेष स्थान हुन्छ सबै नेताहरुको राम्रोसँग व्यवस्थापन हुन्छ भनि प्रधानमन्त्री ओलीले अशोक राइलाई फकाउन लाग्नु भएको छ । अशोक राइसँग सात जना सांसद छन् ।

अशोक राइको पार्टीलाई मिलाउन सक्यो भने प्रधानमन्त्रीसँग ८५ सांसद हुनेछन् । प्रधानमन्त्री ओलीलाई यो देशको सबभन्दा ठूलो पार्टी बनाउनु छ । त्यो पनि ८४ को चुनावभन्दा पहिले । काँग्रेसको सांसद सँख्या ८९ रहेका छन् । अशोक राइको पार्टी मिलाएपछि काँग्रेसभन्दा पाँच सीट कम हुन्छ । अशोक राइलाई मिलाइ सकेपछि अर्को प्रहार माधवकुमार नेपाल नेतृत्वको नेकपा (एस)माथि गर्ने योजना प्रधानमन्त्री ओलीको रहेको छ ।

बाँकी पृष्ठ ९ मा

# लोसपामा निलम्बनलाई पदको बोझ

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका मधेश प्रदेशका प्रदेशसभा सदस्य अभिराम शर्मा निलम्बन भएको पाँच महिना भइसक्यो । मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले बैशाखमा सांसद शर्मालाई निलम्बन गर्नुभएको थियो । सांसद शर्मा लोसपाका संसदीय दलका नेता पनि हुनुहुन्थ्यो । प्रदेशसभा सदस्यबाट निलम्बन भएपछि उहाँको दलको पद स्वतः समाप्त भएको थियो । शर्मा अहिले प्रहरीको खोजी सूचीमा रहनु भएको छ । संसदीय दलका नेताको पद खाली थियो । तर लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर सो पदमा अरुलाई नियुक्त नगरेर खाली राख्नु भएको थियो । अध्यक्ष ठाकुरले मधेश प्रदेश संसदीय दलको नेता शर्मा नै हो भनेर सो पदमा कसैलाई ल्याइरहनु भएको छैन ।

मधेश आन्दोलनको क्रममा सशस्त्र प्रहरीका असई थमन विक हत्या प्रकरणमा महोत्तरी जिल्ला अदालतबाट उहाँलाई जन्मकैदको फैसला सुनाएको थियो । महोत्तरी जिल्ला अदालतको २०८० मंसिर २८ गतेको इजलासले असइ विकको हत्या प्रकरणमा शर्मासहित सातजनालाई जन्मकैद फैसला सुनाएको थियो । २०८० माघदेखि सांसद शर्मा पाउने सेवा-सुविधा रोक्का समेत राखेको थियो । सोही प्रकरणमा लोसपाका मधेश प्रदेशसभा सदस्य तथा संसदीय दलका नेता समेत रहेका शर्मा निलम्बनमा पर्नुभएको थियो । लामो समयदेखि सो पदमा पार्टीले कसैलाई नराखेपछि भदौं ३० गते बसेको मधेश प्रदेश संसदीय दलको बैठकले लोसपाका वरिष्ठ उपाध्यक्ष समेत रहनु भएका जितेन्द्र सोनलाई संसदीय दलको नेतामा चयन गर्‍यो । बहुमत सांसदबाट सोनललाई संसदीय दलको नेतामा चयन गरेर प्रदेशसभाको सचिवालयलाई जानकारी गरायो र प्रदेशसभाले त्यसको मन्यता दिइ सोनलाई प्रमाणपत्र समेत दिइसक्यो ।

तर लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले त्यसलाई अस्विकार गर्नुभयो । उहाँले त्यही दिन प्रदेश सभालाई एक पत्र पठाएर निलम्बित अभिराम शर्मालाई नै संसदीय दलको नेतामा निरन्रता दिन आग्रह गर्नुभयो । उहाँले पत्रमा भन्नुभएको छ, 'लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, मधेश प्रदेश संसदीय दलका नेता तथा पदाधिकारी सम्बन्धमा कुनै पनि नयाँ अधिकारिक निर्णय नभएको जानकारी गराउँदै अभिराम शर्माजीलाई लोसपा नेपाल मधेश प्रदेश, संसदीय दलका नेतामा निरन्तरता दिनुहुन अनुरोध गर्दछु ।'

बाँकी पृष्ठ ९ मा

# उपेन्द्रको सिको गर्दै सिकेले बनाउँदैछन् कालोलाई सेतो

जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले यसपटक असोज ३ लाई न कालो दिवसको रुपमा मनाउने न सेतो दिवसको रुपमा । मधेश सरकारको नेतृत्व गरेको कारण असोज ३ मा जनमत पार्टीले केही पनि नगर्ने भएको छ । जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानले भन्नुभयो, 'यसपाली हामी असोज ३ लाई न कालो दिवसको रुपमा मनाउँछौ न सेतो दिवसको रुपमाः तटस्थ बस्छौ तर पार्टीका नेता तथा कार्यकर्ता विरोधका कार्यक्रम गरे भने त्यसलाई हामीले रोक्दैनौं ।'

यसअघि ठिक यस्तै गर्नुभएको थियो जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले । मधेश प्रदेशको सरकार नेतृत्व गरेको बेला सविधान दिवसको दिन असोज ३ गते न त्यसलाई समर्थ नै गर्नुभएको थियो न विरोध नै गर्नुभएको थियो । बरु मधेश सरकारले गरेको कार्यक्रममा सहभागी भएर संविधान संशोधनको माग गर्नुभएको थियो । यसपटक त्यसको सिको जनमत पार्टीका अध्यक्ष सिके राउतले पनि गर्नुभएको छ ।

सरकारले असोज ३ गते संविधान दिवस धुमधामका साथ मनाउने तयारी गरिरहेको छ भने सरकरमै रहेका मधेश केन्द्रीत दलहरु त्यसलाई कालो दिवसको रुपमा मनाउने तयारी गरिरहेको छ । संविधान सभाबाट २०७२ असोज ३ गते संविधान जारी भएको दिनको सम्झानामा सरकारले प्रत्येक वर्ष सार्वजनिक विदा दिएर विशेष दिनको रुपमा दिवस मनाउने गरेको छ । तर त्यही मधेश केन्द्रीत दलहरुले त्यो दिनलाई कालो दिवसको रुपमा मनाउने गरेका छन् । संविधान अधुरो छ त्यसको संशोधन हुनुपर्छ भनि माग मधेशवादी दलको रहेको छ । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले त संविधान पुनर्लेखन नै गर्नुपर्छ भनि माग गर्दै आउनु भएको छ । आम आदमी पार्टीका अध्यक्ष प्रभु साहले संविधान खारेज नै गर्नुपर्छ भन्दै आउनु भएको छ । संविधान जारी भएको दिन मधेशमा आन्दोलनकारीको मृत्यु भएको थियो । मधेशमा मान्छे मरिरहँदा पनि सरकारले जवर्जस्ती संविधान घोषणा गरेको कारण त्यो दिनलाई मधेशवादी दलहरुले कालो दिवसको रुपमा मनाउँदै आएको छ । सत्ताधारी दल लोकतान्त्रिक समाजवादी पार्टी नेपालको शीर्ष नेताहरुको बैठकले असोज ३ गतेको दिनलाई कालो दिनको रुपमा मनाउने निर्णय गरेको छ । र कालो दिवसको रुपमा मनाउने भन्दै त्यसको सर्कुलर नेता तथा कार्यकर्ताहरुलाई पठाई सकेको छ । सो पार्टीका सहअध्यक्ष सर्वेन्द्रनाथ शुक्लले संविधान निर्माण भएको मितिदेखि नै यो संविधानलाई संशोधन गर्नुपर्छ भनि माग गर्दै आएको तर सरकारले त्यसलाई सुनुवाई नगरेको कारण त्यसको विरोधमा असोज ३ लाई कालो दिवसको रुपमा मनाउँदै आएको बताउनुभयो ।

लोसपा विगतमा पनि सरकारमै रहेर असोज ३ लाई कालो दिवसको रुपमा मनाउँदै आएको बताउँदै उहाँले संशोधन गरेर संविधान नसुधारेसम्म आफूहरुले त्यो दिनलाई कालो दिनकै रुपमा मनाउने बताउनुभयो । यसपटक सरकारका मुख्य दुईटा दलले समेत संविधान संशोधनको एजेण्डालाई अगाडि सारेका छन्, संविधान संशोधन गर्ने भनेको कारणले पनि आफूहरुको विरोधको सार्थकता रहेको उहाँले बताउनुभयो । यसपटक जनता समाजवादी पार्टी नेपालले पनि असोज ३ लाई कालो दिनको रुपमा मनाउने भनेको छ । विगतका दिनहरुमा विभिन्न कार्यक्रम गरी दिवसकै रुपमा मनाउँदै आएको जसपा नेपालले यसपाली कालो दिवसको रुपमा मनाउने सो पार्टीका प्रवक्ता मनिष सुमनले बताउनुभयो । सरकारमा हुँदा जसपा नेपालले असोज ३ लाई कहिले पनि कालो दिवसको रुपमा मनाएन । कुनै नेता तथा कार्यकर्ताले कलो दिवसको रुपमा मनाउँदा बरु त्यसलाई अनुशासनको कारवाही समेत गरेको छ ।

बाँकी पृष्ठ ९ मा

## फरकमत

# मधेशको हितमा छैन ईपीजीको प्रतिवेदन



दीपक साह

गत असार ३० गते प्रधानमन्त्रीमा नियुक्त भएपछि एमालेका अध्यक्ष केपी शर्मा ओलीले बडो महत्वका साथ उठाउनु भएको एउटा विषय हो नेपाल-भारत बिचमा गठन भएको नेपाल भारत प्रबुद्ध समूह (ईपीजी) । ईपीजीले तयार पारेको प्रतिवेदन भारत सरकारले बुझ्न नमानेको आरोप प्रधानमन्त्री केपी शर्मा ओलीको छ । ईपीजी प्रतिवेदन बुझ्नुपर्छ भनि प्रधानमन्त्री ओलीले प्रधानमन्त्री नरेन्द्र मोदीलाई दिइरहनु भएको छ । ओली प्रधानमन्त्री रहेकै बेला यो ईपीजी गठन भएको थियो । त्यसलाई कार्यान्वयनमा ल्याउनका लागि दबाब दिनु स्वभाविक पनि हो । ईपीजी प्रतिवेदन भारत-नेपाल दुवैले बुझ्नुपर्छ तर के त्यो बुझेर कार्यान्वयनमा ल्याएपछि समग्र देशको हित हुन्छ त ? प्रतिवेदन सार्वजनिक भएको छैन । कसैले त्यसको अध्ययन पनि गरेको छैन तर सञ्चारमाध्यममा जेजति कन्टेन्ट आएका छन् त्यसलाई अध्ययन गर्दा ईपीजी प्रतिवेदन नेपालको समग्रहितमा नरहेको प्रष्ट बुझ्न सकिन्छ । त्यो प्रतिवेदनले प्रधानमन्त्री ओलीलाई राजनीतिक रुपमा वा सांगठनिक रुपमा केही फाइदा होला तर त्यो प्रतिवेदन सम्पूर्ण नेपालको हितमा नरहेको कुरा विभिन्न कोणाबाट आइरहेको छ ।

पहिलो कुरा त्यो प्रतिवेदनले नेपाल-भारतको बोर्डरमा बस्ने नेपालीको बारेमा केही बोलेको छैन । जब कि सन् १९५० सन्धी पुनरावलोकन तथा सीमा विवाद, व्यपार सम्झौतालगायतका विषयमा केन्द्रीत रहेर ईपीजी गठन भएको थियो । तर ईपीजीको प्रतिवेदनले नेपाल-भारत सीमावर्ती बासिन्दाले भोगिरहेको समस्यालाई सम्बोधन गरेको छैन । बरु त्यहाँ बस्ने नेपालीलाई झन दुख कसरी दिन सकिन्छ । उसलाई पिडामा कसरी राख्न सकिन्छ त्यसको हिसाब किताब त्यहाँ गरिएको छ । त्यस्तो हुनुको एउटै कारण हो त्यो ईपीजीमा सीमावर्ती क्षेत्रका जनताको प्रतिनिधित्व छैन । मधेशी समुदायको उचित प्रतिनिधित्व नभएकोले यसले मधेशको वास्तविक चासोहरूलाई समेट्न सकेको छैन । मधेशी समुदायको आवाजलाई प्राथमिकता दिएर समावेश गर्ने प्रयत्न प्रतिवेदनले गरेको छैन ।

त्यहाँको पिडाको बारेमा बोल्ने कोही पनि थिएन । प्रतिवेदन एकहोरो भएको छ । नेपाली शासकले आफ्नो अनुकुल प्रतिवेदन तयार गरेको छ जो आम मधेशी जनताको हितमा छैन । त्यही भएर त्यो प्रतिवेदनलाई पुनरावलोकन गर्नुपर्छ वा खारेज नै गर्नुपर्छ । मधेशी पनि नेपाली हुन् । उसको समस्या नेपालको समस्या हो । सीमावर्ती क्षेत्रमा दुख पाउनु भनेको मधेशीले होइन, नेपालीले हो तर त्यो कुरा ईपीजीले महसुस गरेको देखिदैन अर्थात मधेशी समुदायको आवश्यकतालाई ईपीजीले सम्बोधन गरेको छैन । त्यही भएर प्रतिवेदन सार्वजनिक भएपनि दुई देश बिचको समस्या समाधान हुनेछैन ।

प्रतिवेदनले नेपाल-भारत सम्बन्धको पुनरावलोकन गर्ने भनिए पनि मधेशी समुदायको विशेष आवश्यकता र समस्याको सम्बोधन गरेको पाइएको छैन । भारतसँग मधेशी समुदायको ऐतिहासिक सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक सम्बन्ध रहेको छ जो ईपीजीले उपेक्षा गरेको छ । सिमा व्यवस्थापन र आवत-जावतमा मधेशी समुदायको चासोलाई प्रतिवेदनमा बेवास्ता गरिएको छ । मधेशी समुदायको लागि नेपाल-भारत खुला सिमाना जीवनयापनको आधार हो । प्रतिवेदनले सीमामा कडाई गर्ने र नियन्त्रण गर्ने सुझाव दिएको छ । दिएको सुझाव अनुसार प्रतिवेदन कार्यान्वयनमा आयो भने मधेशीहरूको दैनिक जीवनमा ठुलो प्रभाव पार्न सक्छ । मधेशी समुदायका लागि नेपाल-भारतको खुल्ला बोर्डर लाइफलाइन हो । बोर्डर खुल्ला भएकै कारण धेरैको जीवनयापन त्यसैबाट भइरहेको छ । त्यसैले सीमा क्षेत्रमा भइरहेको आप्रवासन, रोजगारी, र आर्थिक क्रियाकलापलाई सहज बनाउन प्रतिवेदनले ठोस योजना पेस गर्नुपर्थ्यो तर ईपीजीले त्यस्तो गरेको छैन बरु बोर्डर छेउछाउ बसेका नेपालीलाई दुख दिने नियतले प्रतिवेदन तयार गरेको छ । प्रतिवेदनमा उल्लेख भएका जुन कुराहरु बाहिर आएका छन् त्यसले नेपाल र भारतबीच विशेष गरी मधेशमा हुने पारिवारिक, धार्मिक, र सांस्कृतिक सम्बन्धलाई राम्रो बनाउन सक्दैन ।

बाँकी पृष्ठ ८ मा

लेख



■ संजय यादव

# शक्तिशाली बन्न भारतलाई सन्तोसराप

कुनै शक्ति राष्ट्रलाई गाली गरेर आफू कसरी शक्तिशाली बन्न सकिन्छ भने कुराको उदाहारण एमालेका अध्यक्ष समेत रहनु भएका प्रधानमन्त्री केपी शर्मा ओली हुनुहुन्छ । प्रधानमन्त्री ओली छोटो समयमा नेपालमा शक्तिशाली नेता बन्नुको एक मात्र भारत हो । भारतलाई गाली गरेर नै उहाँ शाक्तिशाली नेता बन्नुभएको हो । भारतलाई गाली गरेर आफूलाई राष्ट्रवादी देखाएर जनतालाई भ्रमित गर्ने काम उहाँले गर्नुभएको छ । यसो भन्दा फरक नपर्ला कि भारतलाई गाली गरेर कोही नेता शाक्तिशाली बन्नुभएको छ भने त्यो हुनुहुन्छ केपी शर्मा ओली । नेपालमा भारत प्रतिको बुझाई राम्रो छैन ।

नेपालमा भुकम्प आयो भने भारतकै कारण आयो, बाढी आयो भने भारतकै कारणले आयो, कुनै विपदी आयो भने भारतकै कारणले आयो, धेरै पानी परे भने भारतकै कारणले पर्‍यो भन्ने ठाउँ हो नेपाल । भारतले जस्तोसुकै राम्रो काम गरे पनि यहाँका जनताले त्यसलाई सकारात्मक लिँदैनन् । मुखमा प्रशंसा गरे पनि पछाडी फर्केर गाली गर्ने नेपालीहरु पनि छन् । र, त्यस्तो हुनुको कारण केपी ओली जस्ता नेताहरु नै हुनुहुन्छ । नेपाल-भारत बिचको सम्बन्ध अद्भुत छ । नेपाल-भारतको बिचको जस्तो सम्बन्ध विश्वमा कुनै पनि देशको बिचमा छैन । विवाद पनि उच्च लेवलकै छ भने सम्बन्ध पनि त्यो भन्दा माथि लेवलको छ । यस्तो उच्च र अलौकिक सम्बन्धका कारण सानातिना नोकझोक हुनु समान्य कुरा नै भइसकेको छ । त्यसैको फाइदा उठाउनु हुन्छ प्रधानमन्त्री केपी शर्मा ओली ।

**भारतप्रति निर्भर**

भारतको हरेक कुरामा नेपाल निर्भर छ । भारतकै कारण नेपालीको चुल्हो बलेको छ भन्दा फरक नपर्ला तर नेपालका राष्ट्रवादी भनाउँदाहरु यो कुरा मान्न तयार छैन । दक्षिण एसियामै सबभन्दा बढी अनुदान तथा सहयोग भारतले नेपाललाई दिएको छ । हरेक पिडामा मलहम लगाउन भारत अग्रसर हुन्छ । तैपनि नेपालीले भारतलाई रुचाएको देखिदैन । सबभन्दा नजिकको भारत, सबभन्दा सहयोगी भारत तर सबभन्दा अलोचना सहने भारत । अच्चमको सम्बन्ध छ नेपाल र भारतको बिचमा । भारतले जे गरेपनि नेपालीहरुले त्यसको विरोध गर्ने गर्छन् । अरु देशले नेपालमा जे गरेपनि चुँइ कोही बोल्दैनन् । लाग्छ कि नेपालीले भारतलाई विरोध गर्नमा गौरव ठान्छन् जब कि त्यही नेपालीहरु भारतबिना बाँच्न सक्दैन भने कुरा राम्रोसँग बुझेका छन् । हो, त्यही कुराको फाइदा प्रधानमन्त्री केपी शर्मा ओलीले पटक पटक उठाउनु भएको छ । २०७२ मा संविधान निर्माण हुँदा भारतले त्यसमा सुझाव दिन खोज्दा त्यसको बारेमा प्रधानमन्त्री ओलीले अनर्गल प्रचार गरेर नेपाली जनतामा भारत विरोधी भावना भर्नु भएको थियो ।

संविधान निर्माणमा भारतले हस्तक्षेप गरेको कुरा सबभन्दा बढी हल्ला फैलाउने काम अध्यक्ष ओलीले गर्नुभएको थियो । त्यतिबेला देशको नेतृत्वमा काँग्रेस थियो । प्रधानमन्त्री सुशिल कोइराला हुनुहुन्थ्यो । भारतीय विदेश सचिव तथा अहिलेका विदेश मन्त्री एस.जयशंकर नेपाल भ्रमणमा आएको बेला ओलीसहित अन्य सबै शीर्ष नेताहरुलाई भेट्नु भएको थियो । नजिकको छिमेकीको नाताले संविधान निर्माणमा केही सुझाव दिनुभएके थियो । तर संविधान निर्माणमा भारतले हस्तक्षेप गर्‍यो भनि हल्ला गर्ने काम एमालेका अध्यक्ष ओलीले गर्नुभएको थियो । भारतले संविधान निर्माणमा हस्तक्षेप गर्‍यो भने कुरा ओलीले मात्र कसरी थाह पाउनु भयो ? माओवादीका अध्यक्ष प्रचण्ड, काँग्रेसका सभापति सुशिल कोइराला, शेरबहादुर देउवा, मधेश केन्द्रीत दलका नेताहरुले संविधान निर्माणमा भारतको हस्तक्षेप किन थाह पाउनु भएन ? जब कि एस.जयशंकर उहाँहरुलाई पनि भेट्नु भएको थियो । संविधान निर्माणपछि प्रधानमन्त्री बन्ने पालो ओलीको थियो । एमालेका अध्यक्ष ओली पहिलो पटक प्रधानमन्त्री बन्दै हुनुहुन्थ्यो । जति छिटो संविधान निर्माण हुन्छ, त्यति छिटो प्रधानमन्त्री बन्न पाइन्छ भनेर उहाँले कुनै अवरोध वा ढिलो सुस्तीको पक्षमा हुनुहुन्थेन । त्यही भएर उहाँले ओलीले भारतको विरोध गरेर आफूप्रति नेपाली जनताको सेन्टीमेन्ट तयार गरी हतार हतारमा संविधन निर्माणमा लाग्नुभयो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले भारतको विरोध गर्न थालेपछि संविधान निर्माणमा खबरदारी गर्नेहरुको ध्यान पनि भारतको विरोधमा नै गयो । प्रधानमन्त्री ओलीले नेपाली जनताको ध्यान संविधान निर्माणभन्दा पनि भारततिर मोड्नमा सफल हुनुभएको थियो । मधेश आन्दोलनको कारण नाकाहरु अवरुद्ध थियो तर केपी शर्मा ओलीले त्यसको दोष भारतमाथि लगाउनु भएको थियो । मधेशी दलले नाका नाकामा आन्दोलन गरेको कारण नाकाबन्दी भएका थियो । त्यसमा भारतको सहयोग होला त्यो बेग्लै कुरा हो तर ओलीले भारतले नै नाकाबन्दी लगाएको भन्दै सबभन्दा बढी विरोध गर्ने काम गर्नुभएको थियो । भारतमाथि नेपाली जनता झन नकारात्मक भएको थियो । केपी शर्मा ओलीले यो कार्य बडो रणनीतिक ढंगबाट गर्नुभयो । मधेश आन्दोलनका कारण नाकाहरु अवरोध थियो । आन्दोलनका कारण भारतबाट आउनुपर्ने मालबाहक गाडीहरु आइरहेका थिएन । तर केपी शर्मा ओलीले यो भारतको कारणले भएको हो भनि जनतालाई उचाल्ने काम गर्नुभयो ।


**प्रधानमन्त्रीका लागि भारतकै दोष**

संविधान निर्माणपछि सुशिल कोइराला अर्थात काँग्रेसले एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्री बनाउन चाहेको थिएन । अरु दलहरुसँग समिकरण बनाएर अर्को नयाँ सरकार बनाउने पक्षमा हुनुहुन्थ्यो तत्कालिन प्रधानमन्त्री सुशिल कोइराला । अध्यक्ष ओलीले त्यसको दोष पनि भारतलाई नै देखाउनु भएको थियो । उहाँले आफूलाई प्रधानमन्त्री बन्नबाट रोक्ने प्रयास भारतले गरिरहेको भनि खुब प्रचार गर्नुभएको थियो । भारतप्रति नेपालीमा घृणा फैलाउने काम उहाँले गर्नु भएको थियो । अन्ततः उहाँ प्रधानमन्त्री बन्नुभयो । त्यतिबेला नाकाबन्दी छदै थियो । उहाँले पेट्रोलियम पदार्थ ल्याउने भनि चीन सरकारसँग सम्झौता गर्नुभयो । चीनसँग त्यस्तो सम्झौता गर्दा प्रधानमन्त्री ओलीले त्यतिबेला निकै वाहवाही लिनुभएको थियो । तर चीनबाट एक थोपा पनि तेल ल्याउन सक्नु भएन । त्यो पनि उहाँको स्टन्ट नै थियो । चीनबाट तेल ल्याउन सकिदैन भन्ने कुरा उहाँलाई थाह थियो । उहाँले भारतलाई चाइलेन्ज गर्नुभएको थियो ।

आयल निगमका अधिकारीहरुले पनि प्रधानमन्त्री ओलीलाई पटक पटक यो कुराको जानकारी दिएका थिए । एक त चीनबाट तेल ल्याउन सकिदैन ल्याए पनि निकै महँगो हुन्छ जो नेपाली उपभोक्ताले त्यसलाई थेग्न सक्दैन । तर प्रधानमन्त्री ओलीलाई भारतलाई चाइलेन्ज गर्नु थियो, नेपाली जनताको मनमा भारतप्रति जहर घोल्नु थियो । र त्यसमा उहाँ सफल हुनुभयो ।

नाकाबन्दी हट्यो । उहाँ भारत भ्रमणमा पनि जानुभयो । तैपनि सम्बन्धमा सुधार आएन । भारतबाट फर्केपछि पनि उहाँले भारतको खेदो खन्नमा कुनै कसर बाँकी राख्नु भएन । भारतमाथि विभिन्न आरोपहरु लगाउनुभयो । त्यसैको नतिजा हो २०७४ को चुनावअघि माओवादी र एमाले बिच वामगठबन्धन बन्नु । त्यो गठबन्धन चीनको लगानी र सहयोगमा बनेको थियो भने कुरा । चुनावमा वामगठबन्धन दुई तिहाइ बहुमत ल्याएर जित्यो ।

बाँकी पृष्ठ १२ मा



■ महाजन यादव

# साँचिकै राजनीति गर्ने ढंगै आएन कि, के भो, खोइ !

क्षेत्रीय पार्टीहरुमा काम गर्दा जातीयताको अनुभव । पढे लेखेका-कर्मचारी पृष्ठभुमीबाट आएकोलाई राजनीति गर्न झन गाह्रो । पार्टी (जनता समाजवादी पार्टी नेपाल)ले उता महाधिवेशनमा चुनाव हुन नदिने यता मनपरि ढंगले पदाधिकारी मनोयन गर्दा, कर्मचारी पृष्ठभुमि भएको म जस्तोलाई काम गर्न गाह्रो भएको छ । पार्टीको काम गर्न पनि नैतिक बल पुगि रहेको छैन । अवस्था उकुसमुकुसको छ । तमोलोपा छोडेर जसपा नेपालमा आईयो । अब उहाँ जस्तै परिस्थिति यहाँ पनि सृजना भएको छ । महन्थ ठाकुरजी ब्राह्मणवाद-सम्धी सम्धिनीवाद गर्नुभयो भनेर रीसले पार्टी परित्याग गरियो । उपेन्द्र यादवजीको जसपा नेपालमामा आईयो । उहाँ स्वजातीय (म पनि गुवार, उहाँ पनि गुवार) हेर्दाहेर्दै १० वर्ष बिति सक्यो । यो यादव (उपेन्द्र) भाइले त सबैलाई केही न केही त दिए तर मलाई महन्थ ठाकुरजीले गर्नुभएको जति पनि व्यवहार गरेको देखिदैन । जसरी आएको थिए त्यसरी पनि मलाई राख्न रुचाउनु भएको छैन, किन होला ? जागिरे हुँदा त चित्त न बुझ्दा त हाकिमहरु स्पष्टीकरण सोध्थे तर यहाँ त स्वजातीयले भित्रभित्रै भविष्यै डुबाउने गरि तल तल मात्रै राख्न खोज्नु भएको रहेछ ।

जसपा नेपालबाट २०७४ र २०७९ मा धनुषा निर्वाचन क्षेत्र न.४ बाट संसदीय चुनाव लडिसकेको अनुभव छ । क्षेत्रका जनतासँग सिधा सम्बन्ध जिवितै छ । पार्टीले २२३ जना केन्द्रीय सदस्य मनोनीत गर्दा मलाई छांटेको थियो । त्यसपछि जिल्ला र क्षेत्रबाट अनेकौं फोन आयो, के भो, पार्टीले यस्तो किन गर्यो । पछि अध्यक्ष (उपेन्द्र)ज्युले आफ्नो चेम्बरमा बोलाउनु भो र भन्नुभयो, 'म तपाईंलाई केन्द्रिय सदस्यमा लिन सकिन तर तपाईंको जिल्ला र क्षेत्रको दबाबमा म, तपाईंलाई मनोनितमा ल्याउँछु ।' मैले प्रत्युत्तरमा भने महाधिवेशनमा सचिवमा लडेको थिए । मलाई केन्द्रिय सदस्य मात्रै बनाएर पुग्दैन अध्यक्षजी । म १० वर्ष अघि नै केन्द्रिय सदस्यको रुपमा तमलोपा परित्याग गरि जसपा नेपालमा पार्टी प्रवेश गरेको थिए । तपाईंको वदा (प्रतिवद्धता) थियो कि तपाईं एउटा नेपाल सरकारको पूर्व-सहसचिव पनि हो, समय अनुकुल तपाईंलाई पदोन्नति गर्दै लग्छु ।' मैले उहाँलाई सम्झना गराए । त्यसपछि उहाँले 'हेरौं कस्तो हुन्छ', भन्नुभयो । केन्द्रिय सदस्यमा मनोनीत त गर्नु भो तर सचिवमा ल्याउनु भएन ।

मलाई पुनः पीडा भयो, मसँगको वा पछि आएकाहरु तमाम  नेताहरू कार्यकारिणी तथा पदाधिकारीमा पर्नु भो तर मलाई अध्यक्ष (उपेन्द्र) ज्युले लिनु भएन । सरकारी जागिरमा कार्यसम्पादन पारदर्शी हुन्छ । बढुवा बारे सम्भवतः सबैले बुझ्ने गरि थाह हुन्छ तर यहाँ त अन्ध्यारो घरमा साँपै साँप, अध्यक्ष जी अनुहारले पनि कालो, केही न देखिने, न थाह पाउने, एकैचोटि उल्टासिधा रिजल्ट, मुखै कानुन, मनमै मुल्यांकन । किन उहाँले मलाई मन नपराएको होला ? पार्टीमा कहिले पनि कुनै नराम्रो व्यवहार पनि गरेको छैन । पार्टीले हालै जनकपुरमा भदौं १५ गते आयोजना गरिएको अभिमुखी कार्यक्रम बहिष्कार पनि त्यही रिसमा गरे । तर यस्तो कहिलेसम्म चलला, वडो उकुसमुकुसको अवस्था छ । जनताबिच जान गाह्रो भइ रहेछ । के जबाब दिने होला ?

हामी दुई ईञ्जिनियर दाजुभाइ म र स्वर्गीय श्रीकृष्ण यादव र भाइबुहारी अनिता यादव २०५१ सालदेखि जनताकै चाहनामा धनुषा निर्वाचन क्षेत्र न.४ बाट ३० वर्षदेखि हालसम्म लगातार सातौं चोटी संसदीय चुनाव लड्दै आई रहेका छौं । हरेक चुनावमा राम्रो मत आए पनि चुनावमा भोट किन्नु पनि पर्छ । त्यो आर्थिक हैसियत कहिले पनि नहुंदा, हामीले हालसम्म चुनाव जीत्न सकेका छैनौ । हामीलाई ३० वर्षदेखि भोट दिने जनतालाई पनि हाम्रो परिवार जस्तै पीडा छ कि कहिलेसम्म पैसावाला मात्रै चुनाव जबर्जस्ती जित्छन् । खर्चिलो चुनावमा तल दबिन्छ । एउटा किसानको छोरा उम्मेदवार र निमुखा जनतालाई के लाग्छ यो खर्चिलो चुनावमा । जनताले भन्छन, ' हाम्रो त हाथ दुखि सक्यो ३० सालदेखि भोंट दिदा दिदै । यो पैसावालाहरु तपाईंहरुलाई कहिले जित्न दिदैनन् । तपाईंको पार्टी पनि मधेसी पार्टी हो । अब चुनाव नलड्नु, तपाईंहरुको परिवारले धेरै दुःख पाईसक्यो, बेचारा ईन्जिनियर श्रीकृष्ण जागिर छोरेर राजनीतिमा आए, राजनीतिक दौडा-दौडमा दुर्घटनामा परी, जान पनि गुमाए, के पायो ? अब यसरी खुर खुर चुनाव नलड्नु ।

अब त हालत यस्तो छ कि उता बिना पैसाको जनताले पनि जित्न दिदैन, एता जुन पार्टीहरुबाट मधेसको नाममा चुनाव लड्दै आईरहेको छु । ती पार्टीले पनि पार्टीमा नआई दिए हुन्थ्यो जस्तो व्यवहार गर्न थालेको छ । यस्तोमा राज कपुरले गाएको जस्तो लाग्छ, "सब कुछ शिखा हमने (बने ईन्जिनियर) शिखा न होसियारी, सच्च है दुनियाँ वालों (पैसावालों) कि मै हुं एक अनाडी ।" साँचिकै राजनीति गर्ने ढंगै आएन कि, के भो, खोइ ? धन्यवाद ।

*(जसपा नेपालका नेता महाजन यादवको फेसबुकबाट)*

अन्तरवार्ता



# मधेश आन्दोलनको माग धर्मनिरपेक्ष राष्ट्र कहिले थिएन

■बीपी यादव
वरिष्ठ नेता, राष्ट्रिय एकता अभियान

मधेश आन्दोलन गरेका, मधेश आन्दोलन भोगेका हरेक एक व्यक्तिलाई बीपी यादवको सम्झना पक्कै होला । मधेशी जनअधिकार फोरम नेपाललाई काठमाडौंमा परिचित गराउने बीपी यादव मधेश आन्दोलनको एक योद्धा हुन् भनि सबैले स्विकार गरेका छन् । अहिलेको जस्तै झोला बोकेर उहाँ मधेश आन्दोलनका लागि संगठन बनाउन घरघर जान्थे । भारतको प्रवासबाट काठमाडौ आएपछि तत्कालिन फोरमका अध्यक्ष उपेन्द्र यादव बीपी यादवकै डेरामा लामो समय बस्नु भएको थियो । त्यहीबाट फोरमको संगठन विस्तारका कामहरु भएको थियो । फोरमको कार्यालय नै बीपीको डेरामा थियो । त्यतिबेला उपेन्द्र यादवका सार्थी जस्तै हुनुहुन्थ्यो बीपी यादव । मधेशी जनअधिकार फोरमबाट संविधानसभा सदस्य समेत भइसकेका बीपी यादव अहिले ती सबै पार्टी छाडेर हिन्दु राष्ट्र स्थापनाको अभियानमा लाग्नुभएको छ । संघीयता, गणतन्त्र, धर्मनिरपेक्षताका लागि लड्नु भएका बीपी यादव किन हिन्दु राष्ट्र स्थापनाको अभियनमा लाग्नुभयो, के नेपाललाई हिन्दु राष्ट्र बनाउन सम्भव छ लगायतका विषयमा राष्ट्रिय एकता अभियानका वरिष्ठ नेता बीपी यादवसँग सहारा टाइम्सले गरेको कुराकानीको सम्पादित अंशः

**तपाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक धर्मनिरपेक्ष राज्यका लागि लड्नु भएको थियो तर अहिले हिन्दु राष्ट्रका लागि लडिरहनु भएको छ यस्तो किन ?**

विभेदकारी अन्तरिम संविधानको विरोध गर्दै आन्दोलनको सुरुवात गरेका थियौं हामी । माइतीघर मण्डलामा अन्तरिम संविधानलाई जलाएर मधेश आन्दोलनको शंखनाद गरेका थियौं । त्यतिबेला एकात्मक राज्य प्रणालीलाई समाप्त गरी देशमा समावेशी समानुपातिक संघीय लोकतान्त्रिक व्यवस्था कायम गर्नुपर्छ भनि आन्दोलन गरेका थियौं । तर एकात्मक राज्यप्रणाली समाप्तिसँगै हिन्दुराष्ट्र पनि समाप्त हुन्छ भनि हामीलाई लागेको थिएन । किनभने हामी त्यसका लागि आन्दोलन गरेका थिएनौं । देशमा संघीयता आउँदा, गणतन्त्र स्थापित हुन्छ । समानुपातिक समावेशी लोकतान्त्रिक व्यवस्था कायम हुन्छ भनि लागेको थियो । संघीयतामा पनि हिन्दु राष्ट्र रहिरहन्छ भनि मेरो बुझाई थियो । तर कहाँबाट रातारात के षड्यन्त्र भयो । धर्मनिरपेक्ष राज्य कायम भयो । तपाई त्यो बेलाका रिपोर्टहरु हेर्न सक्नु हुन्छ कुनै पनि दल तथा नेताले यो देशबाट हिन्दु राष्ट्र समाप्त होस् भनि चाहेको थिएनन् । कसैको एजेण्डामा नै थिएन धर्मनिरपेक्ष । कम्युनिष्टहरु पनि दबाएर धर्मनिरपेक्षको बारेमा बोल्नु हुन्थ्यो । तर हिन्दु राष्ट्रको विरुद्धमा कोही थिएन । विदेशी शक्ति तथा विभिन्न मिसनरीको दबाबमा यो देशको हिन्दु राष्ट्र समाप्त गरेर धर्मनिरपेक्ष राष्ट्र कायम गर्‍यो । जसले हिन्दु सँस्कृति तथा सनातन धर्म मान्छन् त्यसले अवश्य यो देश हिन्दु राष्ट्र होस् भनि चाहन्छन् । यो देशबाट त षड्यन्त्र गरेर हिन्दु राष्ट्र हटाएको हो । अब संविधान संशोधन गरेर देशमा हिन्दु राष्ट्र कायम हुनुपर्छ भनि माग राखि हामीले संघर्ष गरिरहेका छौं ।

**धर्मनिरपेक्षताको माग गर्दै तत्कालिन मधेशी जनअधिकार फोरम नेपालबाट तपाईले आन्दोलन गर्नुभएको होइन र ?**

मधेशी जनअधिकार फोरम नेपालले आन्दोलन गर्दा राखेका विभिन्न मागहरु पल्टाएर हेर्नुभयो भने कतै पनि धर्मनिरपेक्ष राज्य हुनुपर्छ भनि माग छैन । मधेशी जनअधिकार फोरम नेपालले मधेश आन्दोलन सुरु गर्दा २६ बुँदे माग प्रस्तुत गरेको थियो । त्यो मागपत्र अहिले पनि मसँग छ त्यसमा कहिले पनि धर्मनिरपेक्ष राज्यको चर्चा छैन । हिन्दु राष्ट्र हटाएर धर्मनिरपेक्ष राज्य हुनुपर्छ भनि माग कही उल्लेख छैन । बरु त्यतिबेला मुस्लिमहरुको अधिकारको कुरा मागकै रुपमा उठाएको छ तर हिन्दु राष्ट्रको अन्त्यको कुरा कहि पनि छैन । त्यो मागपत्र तयार गर्दा म आफ्ना सुझावहरु पनि दिएको थिए । सरकारसँग २२ बुँदे सम्झौता हुँदा पनि कही धर्मनिरपेक्षको चर्चा छैन । त्यसपछि भएको आठ बुँदे सम्झौतामा पनि हिन्दु राष्ट्र खारेजीको चर्चा छैन । त्यतिबेला फोरमले राखेका विभिन्न मागहरु वा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले राखेका विभिन्न मागहरुमा कही कतै धर्मनिरपेक्ष राज्यको चर्चा छैन । जब संविधान निर्माण भयो र त्यसमा धर्मनिरपेक्ष शब्द घुसाइयो अनि मात्र मधेशवादी दलका नेताहरु खास गरेर उपेन्द्र यादवले धर्मनिरपेक्ष राज्यको बारेमा बोल्न थाल्नुभयो । आफ्नो दस्तावेजहरुमा पनि राख्न थाल्नुभयो । त्यसअघि कुनै पनि दस्तावेजमा मैले धर्मनिरपेक्षको कुरा फेला पारेको छैन । मधेश आन्दोलन हिन्दु राष्ट्र समाप्तिका लागि भएको थिएन । त्यसको एजेण्डामा नै थिएन । अहिले आएर उपेन्द्र यादवले पनि संविधानले न हिन्दु राष्ट्र स्विकार गरेको अभिव्यक्ति दिन थाल्नु भएको छ ।

**यो देश किन हिन्दु राष्ट्र हुनुपर्छ, धर्मनिरपेक्ष हुँदा त सबै धर्मले सम्मान पाएका छन् सबैले आआफ्नो धर्मकर्ममा लागेका छन् हिन्दु धर्म आयो भने अरु धर्मको अपमान हुँदैन ?**

हुँदैन, कुनै पनि धर्मको अपमान हुँदैन । यसअघि हिन्दु राष्ट्र हुँदा कुन धर्मको अपमान भएको छ ? कुन धर्मलाई लखेटेको छ, कुन धर्मको अधिकारको खोसिएको छ ? बरु हिन्दु राष्ट्र हुँदा नै सबै धर्मका व्यक्तिहरु एक आपसमा मिलेर बसेका थिए । अहिलेको जस्तो एउटा धर्मले अर्को धर्ममाथि प्रयार गर्दैन्थे । अहिले विभिन्न धर्मको नाममा अराजकता फैलिएको छ । हिन्दु राष्ट्र हुँदा यस्तो थिएन । राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार दुई करोड ९१ लाख ६४ हजार पाँच सय ८७ कुल जनसंख्यामध्ये एक करोड एक लाख ५९ हजार ७९० पुरुष तथा एक करोड दुई लाख तीन हजार ७५९ महिला हिन्दु धर्मावलम्बी छन् । अर्थात ८१.१९ प्रतिशत जनसंख्या हिन्दु रहेको छ । जहाँ ८१ प्रतिशतभन्दा बढी हिन्दु बस्छन् त्यहाँ हिन्दु राष्ट्र घोषणा गर्न किन ढिलाई ? लोकतन्त्रमा बहुमतको कदर हुन्छ, हिन्दु धर्मलम्बीको सँख्या धेरै छन् त्यही भएर यो देशलाई हिन्दु राष्ट्र कायम गर्नुपर्छ । विश्वमा नेपाललाई अहिले पनि हिन्दु राष्ट्रकै रुपमा चिन्छन् । सनातनदेखि नै यहाँ हिन्दु राष्ट्र रहेको छ । यहाँका मठमन्दिरहरुको इतिहास हेर्दा पनि नेपाल हिन्दु राष्ट्र नै हो । यो पशुपतिको देश हो, माता सिताको देश हो, महात्मा बुद्धको देश हो । विश्वका हिन्दुहरु एकपटक नेपालको धर्तीलाई टेक्न चाहेका छन् । नेपाल भूमी मात्र टेक्न पाए भने धर्म प्राप्त हुन्छ भनि मान्यता छ । नेपाल घुम्न आउने पर्यटकहरु फर्केर जाँदा नेपाल भूमीको माटो लिएर जान्छन् र घरमा राखेर त्यसको पुजा गर्छन् । यस्तो मान्यता भएको देशलाई किन धर्मनिरपेक्ष बनाएर पर्यटक घटाउन चाहेको हो भनि म बुझ्न सकिरहेको छैन । धर्मिक पर्यटकको हिसाबले पनि नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्‍यो भने नेपाल आर्थिक रुपले समृद्ध हुन्छ । धर्मनिरपेक्ष राज्य भएकै कारण यो देश आर्थिक रुपमा पछाडि परेको छ । हिन्दु गणतन्त्र राज्य घोषणा भयो भने यो देश हरेक किसिमले विकसित हुन्छ र विश्वमै आफ्नो छुट्टै पहिचान बनाउन सक्छ । मुस्लिम बाहुल्य रहेको देशलाई इस्लामिक गणतन्त्र बनाउन सक्छ भने नेपाललाई हिन्दु गणतन्त्र राष्ट्र किन बनाउन सकिदैन यसका लागि सबैको तर्फबाट पहल हुनुपर्छ ।

**हिन्दु राष्ट्र हुनुपर्छ भन्नुहुन्छ तर पछिल्लो समय धर्मिक हिंसा बढ्दै गइरहेको छ, हिन्दु र मुस्लिम बिचको द्धन्द चर्किंदै गइरहेको छ यस्तो किन ?**

यो धार्मिक आरजकता हो । धर्मनिरपेक्ष राज्य भएको कारणले यसखालको आरजकता देखिएको हो । धर्मनिरपेक्ष राज्यको गलत प्रयोग मुस्लिम धर्मालम्बीहरुले गरिरहेका छन् । इस्लामिक आतकंवाद नेपालमा फैलिरहेको छ र हिन्दु धर्मलम्बीहरुमाथि जथाभावी आक्रमण गरिहेका छन् । कुनै पनि हिन्दु मुस्लिमको चाडपर्वमा कुनै प्रकारको डिस्टर्व गरेको छैन, होहल्ला गरेको छैन तर तपाई नेपालगञ्जदेखि पूर्व बिराटनगरसम्म हेर्नुस् मुस्लिमले हिन्दुको हरेक चाडपर्वमा हिसात्मक गतिविधि गरेको पाइन्छ । चाहे गणेश पुजा होस्, छठ होस्, सरस्वति पुजा होस् वा लक्ष्मी पुजा हरेक चाडपर्वमा मुस्लिम समुदायका युवाले उत्शृङ्खल गतिविधि गरिरहेका छन् । हिन्दु धर्मको आस्थामाथि प्रहार गरिरहेका हुन्छन् । त्यसले गर्दा हिंसा भड्केको हो । उनीहरुबाट नै हिन्दुमाथि प्रहार भएको देख्न सकिन्छ । समाजिक सञ्जालमा आएका विभिन्न भिडियोहरुलाई हेर्न सकिन्छ । इस्लाम धर्मको नाममा ठाउँ ठाउँमा मस्जिदहरु छन् । ती मस्जिद, मदरसा हातहतियार राखेर हिन्दुहरुको सरस्वती पुजा, लक्ष्मी पुजा छठ जस्ता पर्वमा आक्रमण गरिराखेका छन् । विदेश मुस्लिमहरु आएर मदरसाहरु बसेका छन् र उनीहरुले अराजक गतिविधिहरु गरिरहेका छन् । हिन्दु र मुस्लिम बिच यतिको दुरी बढेको थिएन । नेपालको संविधानमा प्रष्ट रुपमा लेखिएको छ कि लिंगको आधारमा, भाषाको आधारमा, धर्मका आधारमा विभेद गर्नुहुँदैन । तर तपाई हेर्नुभयो भने नेपालको कुनै पनि मस्जिदमा मुस्लिम महिलालाई नवाज पढेको पाउनु हुन्न । त्यहाँ गएर पुजा गरेको पाउनु हुन्न । यो महिलामाथिको विभेद हो । मुस्लिमहरुले महिलामाथि धार्मिक विभेद मात्र होइन, हिंसा पनि गरिरहेका छन् । त्यो मस्जिद किन चाहिन्छ जहाँ महिलालाई प्रवेश निषेध छ । त्यसलाई भत्काएर स्कुल बनाइ दिनुपर्छ ।

**भनिन्छ, हिन्दु राष्ट्रका लागि जबदेखि विभिन्न अभियानहरु सञ्चालन भए त्यो बेलादेखि अलि बढी नै हिन्दु-मुस्लिम बिच द्वन्द भएको देखिन्छ नि ?**

यो गलत बुझाई हो । हामीले हिन्दु राष्ट्र स्थापनाका लागि संघर्ष गरिरहेका छौं । हामी कसैलाई कुनै प्रकारको नोक्सान पुर्‍याई रहेका छैनौं । राज्यलाई दबाब दिइरहेका छौं । हाम्रो अभियानले कहिं कतै कसलाई आक्रमण गरेको वा कुनै प्रकारको क्षति गरेको देख्नु भएको छ ? छैन नि । हामी हिन्दुहरु हिंसामा विश्वास गर्दैनौं । शान्तिपूर्ण आन्दोलनबाट नै हामी हिन्दु राष्ट्र कायम गराउछौँ तर इस्लामिक आतंकवादीहरुलाई यो कुरा पचेको छैन । उनीहरुले नेपालमा धार्मिक हिंसा भड्काउन चाहेका छन् । नेपाली नेपालीको बिचमा फुट डाल्न् चाहेका छन् । हामीले चलाएको अभियानमाथि आक्रमण गराई रहेका छन् । इस्लामीहरु हिंसामा विश्वास गर्छ । हामी शान्तिमा विश्वास गर्छौ । हाम्रो तर्फबाट कुनै प्रकारको गलत क्रियाकलाप भएको छैन । यदि भएको छ भने कसैले प्रमाणित गरोस् तर मुस्लिमबाट भएका गलत गतिविधिहरुको थुप्रै प्रमाणहरु छन् । यो देशमा मुस्लिम आयोगको गठन भएको छ । हिन्दुमाथि आक्रमण गर्ने मुस्लिमहरुलाई मुस्लिम आयोगले संरक्षण गर्छ । जो दोषी छ उसलाई कारवाही हुनुपर्छ तर मुस्लिम आयोगले आक्रमण गर्नेहरु निर्दोष हुन् भन्दै त्यसलाई संरक्षण गरिरहेको छ । त्यो आयोगमा विदेशी लगानी पनि छ । त्यो आयोगमार्फत मुस्लिम जो हिंसा फैलाउछ अराजक छन् उनीहरुको संरक्षण भइरहेको छ ।

**हिन्दुलाई पनि संरक्षण गर्ने यो देशमा ठूला ठूला संस्थाहरु छन् नि त ?**

हिन्दुका लागि खुलेका कुनै पनि संघ संगठनले हिसात्मक गतिविधि गर्नेलाई संरक्षण गरेको छैन । हिन्दुले पनि गलत गरेको छ भने उसलाई गलत भन्ने काम ती संस्थाहरुले गरेका छन् । मुस्लिमहरुको जस्तै कट्टरपन्थी भएर जुनसुकै, जस्तोसुकैलाई संरक्षण गर्ने काम हिन्दुवादी संघ संस्थाले गरेका छैनन् । मुस्लिम आयोग जस्तै हिन्दुहरुको लागि कुनै संगठन छैन ।

बाँकी पृष्ठ १२ मा

# साइन्स पढेर डाक्टर बन्ने सोच बनाउ

- एकदिन होस्टलको पर्खालमा टाँसिएको उद्घोषक तालिमको विज्ञापनमा प्रियंकाको नजर गयो । टिभी, रेडियोमा बोल्ने रहर सानैदेखि पाल्नु भएका प्रियंका साथीहरुसँग सल्लाह गरेर तालिमका लागि फर्म भर्नुभयो ।

- वीरगञ्जबाट जागिरका लागि काठमाडौँ आउनु भएका प्रियंका त्यहीं दिन नाइट बसबाट झरेर तीनकुने स्थित नेपाल वानको कार्यालयमा जानु भयो । प्रियंका जुन दिन काठमाडौँ आउनु भयो त्यो दिन नेपाल बन्द थियो ।

- साइन्स पढ्नमा रुची राख्ने प्रियंकाले बीएडमा कमेस्ट्री लिएर पढनु भएको थियो । त्यो पनि काम लाग्यो । शिक्षिका बन्नका लागि बीएड पढ्नु भएका प्रियंकाका लागि चाइनाबाट जागिर का लागि अवसर आएको थियो ।

- प्रियंका भन्नुहुन्छ, 'म आउने दिनमा राजनीतिमा नै सक्रिय हुन्छु म राजनीतिभन्दा टाढा रहन सक्दिन जस्तो लाग्छ । अहिले केही समय पारिवारलाई समय दिइरहेको छु तर अन्ततः गर्ने राजनीति नै हो ।'

- बारा, कलैया भोरहा-२१ का प्रियंका पाण्डे समकालिन पत्रकारिता क्षेत्रमा तराई मधेश तथा मधेशी समुदायमा उहाँको कर्णप्रिय स्वर नसुन्ने सायदै नहोला । प्रियंकालाई चिन्नै नै पत्रिकारिता क्षेत्रबाट हो । डाक्टर बन्ने सपना देख्नु भएका प्रियंका आफ्नो पहिचान सोही क्षेत्रबाट बनाउनु भयो । तर उहाँ यो क्षेत्रमा आउनुको पनि रोचक कहानी छ

जीवनमा सबै कुरा सोचे जस्तो हुँदैन । लिएका सबै लक्ष्य पुरा हुँदैन । कहिले काही हिडि रहेको बाटो बिचैबाट मोडिन्छ । र अर्को यात्रा तय हुन्छ । हो त्यस्तै भएको प्रियंका पाण्डेको जीवनमा । ३९ वर्षीय प्रियंका पाण्डेले डाक्टर बन्छु भनि लक्ष्य लिएर एसएलसीपछि साइन्स पढ्नु भएको थियो । तर परस्थितिले उहाँलाई पत्रकार बनाइ दियो । एमबीबीएस डाक्टर बन्न नसकेपछि एचएसम्म पनि पढौं भनेर उहाँले त्यसको लागि फर्म पनि भर्नु भएको थियो तर परस्थितिले अर्कैतिर डोर्याई दियो ।

घरमा एकपटक उहाँका बुबा (प्रेमलाल पाण्ड)ले छोरा र छोरीमध्ये एक जनालाई डाक्टरी पढाउछु को पढ्ने भनि सोध्नु भएको थियो । प्रियंका घरका जेठी छोरी हुनुहुन्छ । उहाँले भाइलाई पढाई दिनुस् भनि बुबालाई भन्नुभएको थियो । सायद आर्थिक अवस्थाका कारण उहाँका बुबाले दुईटै छोराछोरीलाई डाक्टर पढाउन सक्ने अवस्थामा हुनुहुन्थेन । एक जनालाई मात्र पढाउने भनेपछि प्रियंकाले आफ्नो भाइलाई रोज्नुभयो । जब कि उहाँलाई स्वयं डाक्टर बन्ने इच्छा थियो ।

भाइलाई डाक्टर बनाउने भएपछि उहाँका आमाबुबाले प्रियंकालाई



शिक्षिका बनाउने सोच बनाउनु भएको थियो । तर प्रियंका जसरी पनि स्वास्थ्यतिर नै जाने सोचले एचए पढौं भन्ने लागेको थियो । तर उहाँका आमाबुवाले बीएड पढ्न भन्नुभएको थियो । तर न उहाँका आमाबुबाको सोच पुरा भयो न प्रियंकाको । उहाँ पत्रकार बन्नुभयो । प्रियंका रेडियो, टिभी, पत्रिकालगायतमा काम गरिसक्नु भएको छ । एक समय रेडियो र टिभीका चर्चित आरजे तथा पत्रकार हुनुहुन्थ्यो उहाँ । उहाँको कार्यक्रमको चौतर्फी चर्चा हुन्थ्यो । वीरगञ्जदेखि काठमाडौँसम्म पत्रकारिताको क्षेत्रमा आफ्नो छाप छाड्न सफल हुनु भएका प्रियंका अहिले त्यस क्षेत्रमा सक्रिय हुनुहुन्न । उहाँको बाटो बिचैमा मोडिएको छ ।

**मोडियो पत्रकारितातिर**

बारा, कलैया भोरहा-२१ का प्रियंका पाण्डे समकालिन पत्रकारिता क्षेत्रमा तराई मधेश तथा मधेशी समुदायमा उहाँको कर्णप्रिय स्वर नसुन्ने सायदै नहोला । प्रियंकालाई चिन्नै नै पत्रिकारिता क्षेत्रबाट हो । डाक्टर बन्ने सपना देख्नु भएका प्रियंका आफ्नो पहिचान सोही क्षेत्रबाट बनाउनु भयो । तर उहाँ यो क्षेत्रमा आउनुको पनि रोचक कहानी छ । डाक्टरी पढ्ने इच्छा पाल्नु भएका प्रियंकाले २०५९ मा एसएलसी पास गरेर साइन्स पढ्नुभयो ।

डिभाइन कस्मो पोलिटन हाइयर सेकेण्ड्री बोर्डिङ स्कूलबाट आइएससी पास गर्नुभयो । डाक्टर पढ्छु भनेर आइएससी पढ्नु भएका प्रियंकाका आमा पुनम पाण्डे र बुवा प्रेमलाल पाण्डेले उहाँलाई शिक्षिका बनाउन चाहनु भएको थियो । प्रियंकाका आमा बुवा पनि शिक्षक-शिक्षिका हुनुहुन्छ । त्यही भएर छोरीलाई पनि शिक्षिका बनाउन चाहनु भएको थियो । प्रियंका प्लस टुमा साइन्स पढ्नु भयो अब बीएससी पढ्नुपर्छ भनि सोच बनाएर बस्नु भएको थियो । तर उहाँका आमा-बुवाले शिक्षिका बनाउनका लागि बीएड पढ्न भन्नुभयो । अन्ततः उहाँले आमा बुबाको कुरा काट्न सक्नु भएन । प्रियंकालाई साइन्ससँग यस्तो लगाव भइसकेको थियो कि बीएडमा पनि उहाँले केमेस्ट्री विषय लिएर पढ्नु भयो ।

बीएड पढ्नका लागि उहाँ वीरगञ्जको ठाकुरराम क्याम्पस जानुभयो । उहाँको बुबाले ठाकुरराम क्याम्पसमा पढाउन चाहनु भएको थिएन । प्रियंकालाई कलैयाकै कुनै कलेजमा बीएड पढाउने चाहना उहाँको थियो । तर प्रियंका जिद्दी गरेर ठाकुर राम क्याम्पसमा पढ्न थाल्नुभयो । 'छोरालाई डाक्टर पढ्नका लागि चीन पठाउनु भयो, मलाई वीरगञ्जसम्म पनि जान दिनुहुन्न' भन्ने कुरा उहाँले आफ्नो बुबालाई भन्नुभएको थियो । प्रियंका वीरगञ्जको ठाकुरराम क्याम्पसमा पढ्न जान पाउनुभयो । केही समय त उहाँ घरबाटै आउजाउ गर्नुभयो तर सधैं त्यस्तो नहुने भएपछि उहाँ त्यहीको होस्टलमा बसेर पढ्न थाल्नुभयो ।

**पत्रकारितातिरको यात्रा**

एकदिन होस्टलको पर्खालमा टाँसिएको उद्घोषक तालिमको विज्ञापनमा प्रियंकाको नजर गयो । टिभी, रेडियोमा बोल्ने रहर सानैदेखि पाल्नु भएका प्रियंका साथीहरुसँग सल्लाह गरेर तालिमका लागि फर्म भर्नुभयो । त्यसमा सहभागी पनि हुनुभयो । बीएड फस्ट इयरमा अध्ययन गरिरहनु भएका प्रियंका १५ दिनसम्म तालिम लिनुभयो । तर यो कुराको जानकारी घरमा थिएन । यसरी भनौं, तालिमको बारेमा घरमा जानकारी गराउने सोच थिएन प्रियंकाको । यदि घरमा भनेको भए त्यसका लागि इजाजत पाउनु हुन्थेन भने कुरा प्रियंकालाई थाह थियो । प्रियंका भन्नुहुन्छ, 'मलाई सानैदेखि रेडियो सुन्ने, टिभी हेर्ने, पत्रपत्रिका पढ्ने बानी थियो । कक्षा ८ मा पढ्दा रेडियो, टिभीमा पत्र पठाउने, फोन गर्ने पनि गर्थे । त्यसरी गर्दा गर्दै रेडियो स्रोता क्लबका सदस्य भइसकेको थिए ।'

रेडियो वा टिभीमा आफ्नो नाम सुन्दा रोमाञ्चित हुन्थे, खुशी हुन्थे, पत्रिकामा आफ्नो कविता छापिदा झन खुशीको सीमा नै हुँदैन्थ्यो, उहाँ भन्नुहुन्छ, 'मेरो घरमा पत्रकार विरेन्द्र साह (माओवादीबाट हत्या भएको) डेरा लिएर बस्नु हुन्थ्यो उहाँले जतिखेर पनि कविता, कथा, निबन्ध लेख्न उत्प्रेरित गर्नुहुन्थ्यो । लेखेर दिन्थे पनि र त्यो बालकविता तथा निबन्धहरु पत्रिकामा छापिन्थ्यो ।' यी गतिविधिले गर्दा प्रियंका मिडिया निकट हुनुहुन्थ्यो तर पत्रकार नै बन्छु भनि सोच उहाँको थिएन ।

**तालिममा पनि फर्स्ट**

१५ दिन तालिम भएको थियो । त्यसमा परीक्षा हुँदा उहाँ फर्स्ट हुनुभएको थियो । त्यसको समाचार त्यहाँका स्थानीय सञ्चारमाध्यममा आएपछि मात्र प्रियंकाका आमा बुवाले थाह पाउनु भएको थियो । प्रियंकाका बुबा त्यसमा खुश हुनुहुन्थेन । छोरीलाई शिक्षिका बनाउने चाहना थियो तर छोरी अरु अरुमा ध्यान दिन थालेको प्रति चिन्तित हुनुहुन्थ्यो उहाँ ।

उद्घोषक तालिममा उत्कृष्ट गरेपछि त्यहाँको गढीमाइ एफएमबाट कामको अफर आयो । प्रियंकाका लागि यो खुशीको कुरा थियो । यस्तो उहाँले सोच्नु नै भएको थिएन । यसो कहिले काही मञ्चमा बोल्नका लागि चाहिन्छ भनेर उद्घोषकको तालिम लिनु भएको थियो । तर तालिम पछि एफएमले खुद कामको लागि अफर गरेपछि प्रियंकाका लागि सरप्राइज थियो । तर यसका लागि पनि उहाँका बुबा तयार हुनु हुन्थेन । चुपचाप पढाई सकाउ, यो एफएम सेफएममा काम गर्नुपर्दैन भन्दै बुबाले प्रियंकालाई रोक्नुभएको थियो तर उहाँको आमा पोजेटिभ हुनुहुन्थ्यो । प्रियंकालाई आमाले साथ दिनुभयो । बुबालाई पनि कन्भिन्स गर्नुभयो अनि त्यसपछि मात्र एफएममा काम गर्न पाउनुभयो ।

एफएममा भोजपुरी भाषामा 'बोर्डर पार' कार्यक्रम चलाउनु हुन्थ्यो । प्रियंका र भुपेन्द्र चौधरीले चलाउने त्यो कार्यक्रम निकै चर्चित



# उनु भएको प्रियंका बन्नुभयो पत्रकार

भयो । त्यही कार्यक्रमले प्रियंका पनि रातारात सेलिब्रेटी हुनुभयो । नेपाल-भारतको सीमावर्ती क्षेत्रमा पनि प्रियंका परिचित हुनुभयो । एफएममा उहाँ भोजपुरी तथा नेपाली समाचार पनि वाचन गर्नुहुन्थ्यो । बोल्ने तालिम मात्र लिनु भएका प्रियंकाले त्यहाँ समाचार कसरी लेख्ने, कसरी छनौट गर्ने त्यो पनि सिक्नुभयो । त्यसमा सत्रुघन नेपालले प्रियंकालाई सघाउनु भएको थियो । प्रियंका भन्नुहुन्छ, 'सत्रुघन नेपाल सरले समाचार लेख्ने मात्र होइन पत्रकारिताको धेरै कुरा सिकाउनु भयो पत्रकारिता क्षेत्रमा उहाँलाई मैले गुरु नै मान्छु ।'

बीएडमा अध्ययनरत प्रियंका पत्रकारितामा रमाउन थाल्नुभयो । विभिन्न तालिमहरुमा सहभागि हुन थाल्नुभयो । तालिमका लागि काठमाडौँसम्म जान थाल्नुभयो । वीरगञ्ज वरपर हुने कार्यक्रममा प्रियंकालाई उद्घोषिका रुपमा मान्छेहरुले बोलाउन थाले । समाजमा उहाँको मान सम्मान पनि बढ्न थाल्यो । यसले गर्दा उहाँको पढाइमा पनि डिस्टर्ब हुन थाल्यो । त्यति नै बेला अर्थात २०६४ तिर नेपाल वान टेलिभिजनमा विज्ञापन निस्केको थियो । प्रियंकाले त्यसमा पनि भर्नुभयो । उहाँ त्यसमा पनि छनौट हुनुभयो । अब त वीरगञ्ज छाडेर काठमाडौँ जानुपर्ने अवस्था आयो । तर प्रियंकाका लागि सजिलो थिएन । घरले इजाजत दिन्छ कि दिँदैन भनि चिन्ता उहाँलाई थियो । बुबा मानिरहनु भएको थिएन, तर प्रियंकाका आमाले भन्नुभएको थियो, 'छोरीले यस्तो अवसर पाउनु भएको छ, यसबाट पछाडि फर्काउनु हुँदैन, केही हुँदैन जान दिनुपर्छ ।' आमाले पनि जोड दिएपछि बुबा पनि प्रियंकालाई काठमाडौँ पठाउन तयार हुनुभएको थियो ।

प्रियंका भन्नुहुन्छ, 'बुबा मलाई हरेक कुरामा अब्जेक्सन गर्नुहुन्थ्यो रोक्नु हुन्थ्यो भन्नुका अर्थ मलाई माया गर्नुहुन्थेन, हेला गर्नुहुन्थ्यो भने होइन बुबाले मलाई असाध्यै माया गर्नुहुन्थ्यो । त्यहीं मायाका कारण मेरो समाजिक सुरक्षाप्रति चिन्तित भएर मलाई त्यसरी रोक्नु हुन्थ्यो ।' समाजमा छोरीप्रतिको हेर्ने दृष्टिकोण राम्रो छैन, त्यसबाट जोगाउनका लागि बुबाहरु चिन्तित हुन्छ र यहाँ नजाउ त्यहाँ नजाउ भनि रोकिरहेका हुन्छन् र आमा बुबाबा लागि त्यो स्वभाविक पनि हो ।

**काठमाडौँको पत्रकारिता**

वीरगञ्जबाट जागिरका लागि काठमाडौँ आउनु भएका प्रियंका त्यहीं दिन नाइट बसबाट झरेर तीनकुने स्थित नेपाल वानको कार्यालयमा जानु भयो । प्रियंका जुन दिन काठमाडौँ आउनु भयो त्यो दिन नेपाल बन्द थियो । कंलकीको एउटा कुन गल्लीमा प्रियंकालाई बसले झारेको थियो । त्यहाँ दुई घण्टासम्म पर्खिनु भयो । कसरी जाने भनि चिन्ता उहाँलाई थियो । पछि त्यहाँबाट एक जनासँग लिफ्ट लिएर बानेश्वरसम्म आएर नेपाल वानको कार्यालयमा उहाँ पुग्नुभएका थियो । नेपाल वानमा अभास लाभसँग प्रियंकाको भेट भएको थियो । अभास लाभ नेपाल वानमा मधेश स्पेशल कार्यक्रम चलाउनु हुनुहुन्थ्यो । प्रियंका नेपाल वानमा काम गर्ने हुनुभयो । त्यसपछि प्रियंका आफ्नो मामाको घरमा बसेर आफ्नो पत्रकारिताको यात्रालाई अगाडि बढाउनु भयो ।

प्रियंकाले नेपाल वानमा तराई वान कार्यक्रम अन्तर्गत भोजपुरी भाषाको कार्यक्रम चलाउनु हुन्थ्यो । प्रियंका नेपाल वान टेलिभिजनमा काम सुरु गरेको बेला बीएडको फाइनल दिइसक्नु भएको थियो । पढाईको साथै पत्रकारितामा लागेको कारण बीएड पास गर्न केही समय लागेको थियो उहाँलाई । पत्रकारितामा लागेपछि अरु कुराका लागि कहिले पछाडि फर्केर हेर्नुभएन । नेपाल वान टेलिभिजनमा काम गरिरहेकै बेला उहाँ मधेशवाणी पत्रिका, कम्युनिकेशन कर्नर एफएम, रेडियो नेपालमा पनि काम गर्न थाल्नु भएको थियो ।

नेपाल वानमा २ वर्षसम्म काम गर्नुभयो । त्यसपछि उहाँ तराई टेलिभजनमा जानुभयो । विष्णु अधिकारी जो नेपाल वानमा क्यामरातिरको प्रमुख हुनुहुन्थ्यो । उहाँ तराई टेलिभिजनमा गइसक्नु भएको थियो । उहाँले नै प्रियंकालाई नेपाल वानबाट तराई टेलिभिजनमा तान्नुभएको थियो । नेपाल वान टिभीभन्दा तराई टेलिभिजनमा सेवा सुविधा राम्रो दिएको थियो । तराई टेलिभिजनमा पनि हेलो तराई प्रोग्राम चलाउनु हुन्थ्यो । त्यतिबेला त्यो निकै चर्चित प्रोग्राम थियो । तराई टेलिभिजनमा काम गर्दै उहाँ हेडलाइन्स एण्ड म्युजिक एफएममा काम पनि सुरु गर्नुभयो । पत्रकार गोपाल झाले उहाँलाई सो एफएममा बोलाउनु भएको थियो । त्यहाँ पनि उहाँले भोजपुरी कार्यक्रम चलाउनु हुन्थ्यो । यसरी विभिन्न टेलिभिजन, एफएमहरुमा उहाँले भोजपुरी कार्यक्रम चलाउँदै पत्रकारितमा सक्रिय रहनु भयो । तराई टेलिभिजन बन्द भयो । सो टेलिभिजनमा उहाँले ५-६ वर्ष काम गर्नुभएको थियो । काठमाडौँमा काम गर्ने मधेशी पत्रकारहरुले मधेशी पत्रकार संघ गठन गर्दा त्यसमा प्रियंका कोषाध्यक्ष हुनुहुन्थ्यो । संघमा पनि उहाँ सक्रिय भएर काम गर्नुभयो । पत्रकार हरुको सामाजिक संस्था भए पनि प्रियंका पुरै सक्रियताका साथ त्यसमा लाग्नु भएको थियो । यो पत्रकारिताको दौडधुपका साथै उहाँले विस्तारै बीएड पनि सकाइ सक्नुभएको थियो ।




**चाइनामा जागिर**

साइन्स पढ्नमा रुची राख्ने प्रियंकाले बीएडमा कमेस्ट्री लिएर पढनु भएको थियो । त्यो पनि काम लाग्यो । शिक्षिका बन्नका लागि बीएड पढ्नु भएका प्रियंकाका लागि चाइनाबाट जागिरका लागि अवसर आएको थियो । एमबीबीएसको सेकेण्ड समेस्टरमा विदेशी विज्ञले अध्यापन गराउने भनि चीनबाट विज्ञापन भएको थियो । चीनमा प्रियंकाका भाइ पनि अध्ययनरत हुनुहुन्थ्यो । उहाँले प्रियंकालाई सोधेर सो विज्ञापन भर्नुभएको थियो । तीन जनाको सर्ट लिस्टमा प्रियंकाको नाम पनि निस्कियो । तीन जनाको बिचमा अनलाइन इन्टरभ्यु भएको थियो । इन्टरभ्युबाट उहाँ त्यसमा सेलेक्सन हुनुभयो । त्यसपछि बल्ल आमाबुबाको सपना साकार भएको थियो ।

आमा बुवाले प्रियंकालाई शिक्षिका बनाउन चाहनु भएको थियो । प्रियंका चीनको कलेजमा पढाउन जाने भएपछि घरमा सबै खुशी थिए । उहाँको बुबा झन खुशी हुनुहुन्थ्यो । चीनमा विदेशी विज्ञ शिक्षकको रुपमा उहाँले ६ महिनासम्म पढाउनुभयो । उहाँको जागिरको म्याद थप्न सकिन्थ्यो । त्यसका लागि कुराकानी भइरहेको थियो तर नेपालमा भुकम्प आएको कारण उहाँ फर्किनु भएको थियो ।

भुकम्पका कारण प्रियंका विदामा नेपाल फर्किनु भएको थियो । त्यहीबेला प्रियंका बच्चा पाउने पनि हुनुभयो । मधेश आन्दोलन पनि चलिरहेको थियो । प्रियंकाका श्रीमान पंकज दास मधेश आन्दोलनमा व्यस्त हुनुभयो । त्यसपछि प्रियंका चीन फर्किनु भएन । प्रियंका भन्नुहुन्छ, ' पढाउने जागिर छोटो अवधिका लागि मात्र थियो, म्याद थप्ने कुरा पनि थियो तर म विदामा आएपछि फर्केर गइनन् ।' नाकाबन्दी चलिरहेको कारण प्रियंकालाई काठमाडौँमा निकै गाह्रो भइरहेको थियो । पेटमा बच्चा थियो, ग्यास तथा अन्य खद्यान्न पाउन समस्या हुन थालेपछि उहाँ कति दिन भौकै बस्नु भएको थियो । चाउचाउ, विस्कुट खाएर दिन काटनु हुन्थ्यो ।

प्रियंका भन्नुहुन्छ, 'पिडा सहन नसकेपछि एकदिन मैले रुदै पंकजजीलाई फोन गरेर भने तपाई जहाँ हुनुहुन्छ मलाई पनि त्यही लग्नुस् म यहाँ एक्लै बस्न सक्दिन, निकै गाह्रो भइरहेको छ ।' पछि एक जना मन्त्रीको गाडीमा चढेर प्रियंका वीरगञ्ज पुग्नुभयो । वीरगञ्जमा मधेश आन्दोलन चलिरहेको थियो । सीमा नाकामा मधेशवादी नेताहरु



आन्दोलन गरिरहेका थिए । प्रियंका त्यसमा सहभागी हुन थाल्नुभयो । उहाँ पनि नाकामा गएर बसेर आन्दोलनमा सहभागी हुनुभयो ।

भारतको अहमदावादमा प्रियंकाको बच्चा जन्मियो । दुई अढाइ महिना उहाँ उतै भारतमा आफन्त कहाँ बस्नुभयो । काठमाडौँ फर्केपछि गृहणी जस्तै घरमै बस्न थाल्नुभयो । बच्चाको स्यहार सुसारमै दिन बित्न थाल्यो उहाँको । प्रियंकाका कनिष्का आर्यन र अनिका आर्यन गरी दुई जना छोराछोरी छन् । अहिले उहाँको दिनचार्या छोरीछोरीको स्यहारमा नै बितेको छ ।

सक्रिय पत्रकारिता छाडे पनि त्यसबाट अलग हुनुभएको छैन उहाँ । नेपाल प्रज्ञा प्रष्ठिानबाट प्रकाशित हुने भोजपुरी पत्रिकाको सम्पादक मण्डलमा हुनुहुन्छ उहाँ । हाँस्य टेलिशृङ्खला 'खेलाडी' मा पनि उहाँले अभिनय गर्नुभएको छ । नौ एपिसोडसम्म प्रसारण भएको छ । अर्कोतिर आफ्नो भाइसँग मिलेर कलैयामा ए प्लस अस्पताल ट्रमा सेन्टर पनि खोल्नु भएको छ । त्यसमा व्यवस्थापकीय जिम्मेवारीमा हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'मेरा अहिले दुई जना साना साना बच्चा छन्, उनीहरुको स्याहारमा नै फुल टाइम दिएको छु । बच्चाहरु स्कूल गएको बेला सानातिना कामहरु गर्छु तर अहिले फुल टाइम घरलाई नै दिन्छु ।'

**प्रियंकाको राजनीति**

प्रियंका भन्नुहुन्छ, 'म आउने दिनमा राजनीतिमा नै सक्रिय हुन्छु म राजनीतिभन्दा टाढा रहन सक्दिन जस्तो लाग्छ । अहिले केही समय पारिवारलाई समय दिइरहेको छु तर अन्ततः गर्ने राजनीति नै हो ।' प्रियंका पाण्डे तत्कालिन सद्भावना पाटी र त्यसपछि गणतान्त्रि फोरमबाट संविधानसभाका लागि समानुपातिक उम्मेदवार पनि बन्नुभएको थियो । तर त्यतिबेला उहाँको नाम छनौट भएन । उहाँको राजनीतिक सुरुवात मधेशी जनअधिकार फोरमबाट भएको हो । मधेश आन्दोलन सुरु हुँदा प्रियंका पाण्डे वीरगञ्जको ठाकुरराम क्याम्पसमा अध्ययनरत हुनुहुन्थ्यो । फोरमले माइतीघरमा अन्तरिम संविधान जलाउँदा तत्कालिन फोरमका अध्यक्ष उपेन्द्र यादवलगायतका नेताहरु पक्राउ परेका थिए । त्यसले गर्दा मधेशभर आन्दोलन सुरु भएको थियो । प्रियंका पाण्डेहरुले पनि वीरगञ्जमा विद्यार्थीको तर्फबाट आन्दोलन गर्नुभएको थियो ।

टाउकोमा कालोपटी बाँधेर वीरगञ्जको घण्टाघरमा भाषण दिनु भएको प्रियंकालाई अहिले पनि झलझली याद छ । त्यतिबेला विद्यार्थी नेताको रुपमा प्रियंका वीरगञ्जमा चर्चित भइसक्नुभएको थियो । उहाँको क्रान्तकारी भाषणलाई धेरैले तारिफ गर्थे । ठाकुर राम क्याम्पसमा पहिलो पटक विद्यार्थी फोरम संगठन बनाउने काम प्रियंकाले नै गर्नुभएको थियो । नेतृत्वमा प्रियंका नै हुनुहुन्थ्यो । विद्यार्थीमा सक्रिय राजनीति गर्नुहुन्थ्यो उहाँ ।

पछि पत्रकारितामा जानुभयो । काठमाडौँमा आएपछि राजनीतिमा उहाँ निस्कृय हुनुभयो । कहिले काही कार्यक्रमहरुमा जानु हुन्थ्यो तर सक्रिय पोल्टिक्सबाट टाढिनु भएको थियो । अधिकाँश समय उहाँ पत्रकारितालाई नै दिन थाल्नुभयो । फोरम पार्टी पनि टुक्रा टुक्रा भएपछि प्रियंका पनि पूर्णरुपमा नै राजनीतिबाट अलग हुनुभएको थियो । प्रियंका फोरम पार्टीमा युवा फोरमसम्म पुग्नु भएको थियो । अहिले उहाँ कुनै पार्टीमा हुनुहुन्न । तर आउने दिनमा सक्रिय राजनीति गर्ने सोच प्रियंकाको रहेको छ ।

# जनमतको प्रशिक्षण

जनता समाजवादी पार्टी नेपालले चार महिने अभियान सञ्चालन गरेको अवस्थामा जनमत पार्टीले पनि भदौं ३० गतेदेखि विभिन्न जिल्लामा प्रशिक्षण कार्यक्रम सुरु गरेको छ। बर्दिया जिल्लाबाट सुरु भएको प्रशिक्षण कार्यक्रम असोज १४ गतेसम्म सञ्चालन हुने जनमत पार्टीले जनाएको छ। यो प्रशिक्षण बर्दिया, बाँके, कपिलवस्तु, नवलपरासी, रुपन्देही, धनुषा, महोत्तरी, सर्लाही, रौतहट बारा, पर्सा, सिरहा, सप्तरी, सुनसरी, मोरङ र झापा गरी १६ वटा जिल्लामा प्रशिक्षण दिइने बताइएको छ।

जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानले यो राजनीतिक प्रशिक्षण हो, पार्टीका अध्यक्ष डा.सिके राउतलगायत अन्य शीर्ष नेताहरुले प्रशिक्षण दिने बताउनुभयो। दशैंअघि नेता तथा कार्यकर्तालाई भेटघाट तथा राजनीतिक प्रशिक्षण दिनका लागि यो कार्यक्रमहरु तय भएको बताउँदै उहाँले यस्तो कार्यक्रम देशैभर गर्ने तर यो पहिलो चारणको कार्यक्रम रहेको बताउनुभयो।

सरकार सञ्चालन, देशको समसामयिक राजनीतिक अवस्था, ८४ को चुनाव लगायतका विषयमा पार्टीले प्रशिक्षण दिने उहाँले बताउनुभयो। जिल्लाको कार्यसमिति पनि बनिरहेको छ। चाँडै नै जिल्ला समिति घोषणा गर्ने तयारी भइरहेको छ। हाल जिल्लामा इन्चार्जहरु मात्र तोकिएको छ। सोही इन्चार्जहरुले प्रशिक्षणको व्यवस्था गर्ने उपाध्यक्ष खानले बताउनुभयो।

**मधेशको...**

नेपाल-भारत बिचको बेटीरोटी सम्बन्धको बारेमा प्रतिवेदन मौन छ।

मधेशीहरू भारतमा रहेको सांस्कृतिक सम्पत्ति र धार्मिक केन्द्रहरूसँग गहिरो सम्बन्ध राख्छन्। यदि प्रतिवेदनले सीमालाई कडाइ गर्‍यो भने सम्बन्धमा अवरोध उत्पन्न हुने निश्चित छ। भारतसँग मधेशीको गहिरो तथा ऐतिहासिक सम्बन्ध छ, यो कुरा कसैबाट लुकेको छैन। ईपीजीमा रहनु भएका प्रबुद्ध व्यक्तिहरुलाई मधेशी समुदाय र भारत बिचको सम्बन्धलाई राम्री बुझेका छन्। तर प्रतिवेदनले यस सम्बन्धलाई उपेक्षा गर्दै कूटनीतिक रूपमा असहज स्थिति सिर्जना गर्न सक्ने अवस्थामा पुर्‍याएको छ। प्रतिवेदन सार्वजनिक भएर कार्यान्वयनमा आयो भने धेरै मधेशीको पारिवारिक सम्बन्धमा समस्या उत्पन्न हुन्छ, घरपरिवारमा तनाब उत्पन्न हुन्छ।

मधेशीहरूको लागि भारतसँगको सम्बन्ध राजनीतिक मात्र होइन, भावनात्मक र सांस्कृतिक सम्बन्ध पनि हो। यसलाई कमजोर पार्ने काम कदापी गर्नुहुँदैन। यदि त्यसलाई कमजोर पार्ने काम कही भयो भने मधेशी समुदायको पहिचान र हक हितको हनन हुन्छ भन्ने कुराको ख्याल राख्नुपर्छ। त्यसैगरि ईपीजी प्रतिवेदनमा जलस्रोत व्यवस्थापनका सन्दर्भमा काठमाडौंदेखि धेरै टाढा रहेको मधेशीहरूको अधिकारलाई बेवास्ता गरिएको छ। भारतसँगको जलस्रोत साझेदारीमा मधेशीहरूको आवाज नसमेटिँदा यसले विकास परियोजनामा उनीहरूको पहुँच र लाभलाई सीमित गर्न सक्छ। त्यसैले दुई देशको बिचमा हुने जलस्रोत सम्बन्धी सम्झौतामा मधेशलाई पनि संलग्न गराउनुपर्छ।

ईपीजी प्रतिवेदनले सुरक्षा सम्बन्धी सुझावहरू पनि दिएको छ। जसले मधेशमा सैन्य उपस्थिति र सीमा सुरक्षा कडाइ गर्न सक्ने कुराको पनि चर्चा गरिएको बुझ्नमा आएको छ। सीमा सुरक्षाको नाममा मधेशमा सैनिकीकरण गर्ने देखिन्छ। यसले मधेशीहरूको स्वतन्त्रता र जीवनशैलीमा हस्तक्षेप गर्न सक्छ। प्रतिवेदनले मधेशीहरूको राष्ट्रिय सुरक्षा चासोलाई समेट्न असफल भएको छ, जसले मधेशीको सशक्तिकरणको सट्टा उनीहरूको सुरक्षा कमजोर पार्न सक्छ।

प्रतिवेदनले मधेशको भौगोलिक महत्वलाई ध्यानमा राखेको जस्तो देखिएको छैन। दुई देश बिचको सम्बन्धलाई पुनः परिभाषित गर्न सक्छ, जसले मधेशीहरूको सामरिक र आर्थिक सशक्तिकरणमा बाधा पुर्‍याउने अवस्था आउन सक्छ। नेपाल-भारत सम्बन्धमा मधेशको विशेष महत्वलाई ख्याल गरिएको छैन र त्यसले मधेशी समुदायको भविष्यमा गहिरो असर पुर्‍याउनेछ। शिक्षा, स्वास्थ्य, र विकासका लागि भारतको सहयोग अपरिहार्य छ तर यो प्रतिवेदन कार्यान्वयमा आयो भने सहयोगलाई कमजोर बनाउन सक्छ। स्थानीय विकासका मुद्दामा प्रतिवेदनले मधेशको पक्षमा ठोस योजना नदिएमा, मधेशीहरूको विकास प्रभावित हुनेछ।

त्यसैले यो ईपीजी प्रतिवेदनले मधेशी समुदायका यथार्थ समस्याहरू सम्बोधन नगरेकाले यसलाई खारेज गर्नका लागि मधेशी समुदायले एकजुट भएर माग उठाउनुपर्छ। मधेशको हित र सशक्तिकरणका लागि नेपालको संघीय प्रणाली र भारतसँगको विशेष सम्बन्धलाई प्राथमिकता दिनुपर्नेमा ईपीजीलाई दबाब दिनुपर्छ।

*(लेखक ई.दीपक साह जनमत पार्टीका उपाध्यक्ष हुनुहुन्छ)*

# मधेश क्रान्ति गरेका महतोले सुरु गरे अर्को क्रान्ति

लोकतान्त्रिक समाजवादी पार्टीबाट बिद्रोह गरी राष्ट्रिय मुक्ति क्रान्ति गठन गर्नुभएका राजेन्द्र महतोले आफ्नै अध्यक्षतामा पार्टी गठन गर्नुभएको छ। पार्टीको नाम राष्ट्रिय मुक्ति क्रान्ति नेपाल राख्नुभएको छ। राष्ट्रिय मुक्ति क्रान्तिको विस्तारित बैठकबाट संयोजक महतोले पार्टी घोषणा गर्नुभएको छ। अहिलेलाई एक जना अध्यक्ष मात्रै रहने पछि कार्य समिति विस्तार गर्ने भनिएको छ। केन्द्रीय समिति विस्तार गर्ने जिम्मेवारी पार्टीका अध्यक्ष राजेन्द्र महतोलाई दिएको छ। पार्टी गठन भए पनि अभियानको रुपमा यो राष्ट्रिय मुक्ति क्रान्ति रहि रहने बताईको छ।

राष्ट्रिय मुक्ति क्रन्ति २०८० फाल्गुन १४ गतेदेखि एउटा अभियानको रुपमा सञ्चालन भइरहेको र विगत ६ महिनादेखि राष्ट्रिय मुक्ति क्रान्तिले एकल राष्ट्रिय राज्य नेपाललाई वहुलराष्ट्रिय राज्यमा रुपान्तरण गर्ने संघर्ष गरिरहेको अध्यक्ष महतोले बताउनुभयो। स्वदेशवाद, बहुलराष्ट्रवाद, सामुदायिक समाजवादको मार्ग निर्देशक सिद्धान्तमार्फत नेपाललाई बहुलराष्ट्रिय राज्यको रुपमा रुपान्तरणको निमित्त यो पार्टी गठन गरिएको अध्यक्ष महतोले बताउनुभयो।

राष्ट्रिय मुक्ति क्रान्तिले दुई चरणको प्रचारात्मक कार्यक्रममार्फत वृहत सम्वादात्मक कार्यक्रमदेखि सडक संघर्षसम्मको कार्यक्रम सम्पन्न गरिसकेको बताउँदै उहाँले प्रचारात्मक कार्यक्रम गर्ने क्रममा पूर्वी नेपालको पाँचथर (फेदिम) देखि बाग्लुङको बुर्तिबाङ हुँदै दाङको घोराहीसम्म तथा मेचीदेखि महाकालीसम्मको जनताको घरघरमा पुगिसकेको बताउनुभयो।

जनतामा मुलुकमा हाल विद्यमान निराशै निराशाको बिचमा स्वदेशवादी विचारधाराले एउटा आशा र भरोसा पैदा गरेको बताउँदै उहाँले देशमा एकल राष्ट्रिय राज्यको चिन्तन सोचबाट संविधान निर्माण र राज्यको सञ्चालन भईरहेको कारणले नेपाल सबै नेपालीको बन्न नसकेको बताउनुभयो।

महतोको अध्यक्षतामा "राष्ट्रिय मुक्ति क्रान्ति नेपाल" नामक राजनीतिक दल गठन गर्ने निर्णय भएको छ। पार्टीको बारेमा निर्वाचन आयोगलाई जानकारी गराउँदै कानुनी सबै प्रकृया पूरा गरी विधिवत रुपमा निर्वाचन आयोगमा दल दर्ता गराउने निर्णय समेत गरेको छ। दल दर्ता गराउन सबै अधिकार राष्ट्रिय मुक्ति क्रान्ति नेपालका अध्यक्ष महतोलाई दिएको छ।

## आँप/ केरा पकाउन कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग नगर्ने सम्वन्धी सूचना

*सूचना प्रकाशित मिति : २०८१/०२/३२*

खाद्य नियमावली, २०२७ को नियम १९ (घ) बमोजिम कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा बिक्री वितरण गर्न निषेध गरिएको व्यहोरा सम्पूर्ण फलफूल आयातकर्ता, भण्डार तथा बिक्री वितरणमा सम्लग्न व्यवसायीलाई जानकारीका लागि सूचित गरिन्छ।

आँप/ केरा लगायतका फलफूल खरिद गर्दा कार्टुन वा क्रेटमा माथि उल्लेखित केमिकल राखिएको देखिएमा त्यस्ता फलफूल खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा मातहतका कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ। साथै फलफूल उपभोग गर्दा सफा पानीले राम्ररी पखालेर मात्र उपभोग गर्नुहुन अनुरोध छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल, काठमाडौं।
www.dftqc.gov.np, Email: info@dftqc.gov.np
०१-५३६२४३०, ०१-५३६२३६९




कृषकवर्गहरूलाई अनुरोध !

कृषि सामग्री कम्पनी लि. ले आयात गरेको उच्च गुणस्तरको युरिया, डी.ए.पी. एवम् पोटास मल कम्पनीका जिल्लास्थित कार्यालयहरूबाट बिक्रीवितरण भइरहेको हुँदा उक्त मल प्रयोग गरी राष्ट्रिय उत्पादनमा गुणात्मक वृद्धि गरौं।
साथै, उक्त मल खरिद गर्दा तौल यकिन गरी मात्र खरिद गुर्नुहुन समेत अनुरोध गर्दछौं।

कृषि सामग्री कम्पनी लिमिटेड
AGRICULTURE INPUTS COMPANY LTD.
(An Undertaking of Government of Nepal)

# ऐतिहासिक संस्कृतिको रामलीला

बाँकेको नेपालगञ्जमा ऐतिहासिक रामलीला महोत्सवको संरक्षण गर्दै १५७औँ संस्करणको तयारी सुरु भएको छ। प्रत्येक वर्ष दसैँका अवसरमा नेपालगञ्जको रामलीला मैदानमा रामलीला महोत्सव मञ्चन हुँदै आएको छ। यो वर्ष रामलीलाको १५७औँ संस्करणका लागि आवश्यक तयारी सुरु गरिएको रामलीला सञ्चालक समितिका अध्यक्ष सन्तोषकुमार कनोडियाले जानकारी दिनुभयो। विगतका वर्षमा जस्तै यस वर्ष पनि रामलीला महोत्सव सञ्चालन गर्ने तयारी भइरहेको बताउँदै अध्यक्ष कनोडियाले यसवर्ष भारतको बृन्दावनबाट कलाकार ल्याउने गरी तयारी गरिएको जानकारी दिनुभयो। आगामी वर्षका लागि स्थानीयस्तरमा कलाकार उत्पादन गर्न तालिम सञ्चालन गर्ने योजना बनाइएको अध्यक्ष कनोडियाले उल्लेख गर्नुभयो। उहाँका अनुसार एउटा आयोजनामा कम्तीमा १५ लाख रुपियाँ खर्च हुने गर्दछ।



ऐतिहासिक विरासतलाई निरन्तरता दिन र जीवन्त राख्न स्थानीय कलाकार उत्पादनलाई विशेष प्राथमिकतामा राखेर अगाडि बढ्ने बताउँदै कनोडियाले यसमा स्थानीय सरकारको सहयोग आवश्यक पर्ने उल्लेख गर्नुभयो। १५२ वर्षदेखि निरन्तर प्रत्येक वर्ष हुँदै आएको रामलीला महोत्सवको १५३ र १५४औँ वर्ष प्रवेशको कार्यक्रम कोरोना महामारीका कारण स्थगित गरिएको थियो। चासो र उत्साहका साथ रामलीला महोत्सवमा सयौँको सँख्यामा स्थानीयका साथै भारतका दर्शक पनि मध्यरातसम्म सहभागी हुने अध्यक्ष कनोडियाले जानकारी दिनुभयो। उहाँका अनुसार धनुष यज्ञ, रावणवध, भरतमिलाप र रामको शुभ राज्याभिषेक भएर रामलीला महोत्सव समापन हुने गर्दछ।

यसक्षेत्रको परिचय बनेको रामलीला मञ्चनले नेपाल तथा भारतमा नेपालगञ्जलाई चिनाएको सञ्चालक समितिका अध्यक्ष कानोडियाले बताउनुभयो। उहाँका अनुसार विश्वनाथ टण्डन, बद्रीनाथ टण्डन, पाटनदिन गुप्ता, जगदिशप्रसाद वैश्य, पन्नालाल गुप्ता, जयेन्द टण्डन, भाइलाल हल्वाईलगायतले नेपालगञ्जमा रामलीला महोत्सवको सुरुवात गर्नुभएको थियो। नेपालगञ्जको परम्परालाई जोगाइ राख्न सहयोग संकलन गरेर महोत्सव गर्दै आइएको स्थानीय अगुवा द्वारिकाप्रसाद वैश्यले बताउनुभयो। उहाँका अनुसार विसं १९२५ देखि नेपालगञ्जको रामलीला मैदान र टण्डन राइस मिलमा मञ्चन हुँदै आएको यो कला नेपालीका साथै सीमावर्ती भारतीयबीच लोकप्रिय छ। भारतको उत्तरप्रदेशबाट हजारौँ श्रद्धालु रामलीला दर्शनका लागि आउने गरेका उहाँले जानकारी दिनुभयो।

# कोलम्बो 'आर्ट एक्स्पो' मिथिला चित्रकाला

चित्रकार एससी सुमन श्रीलंकामा सम्पन्न 'कोलम्बो आर्ट एक्स्पो-२०२४' सहभागी हुनुभएको थियो। असोज २१ गतेदेखि २९ गतेसम्म चलेको सो प्रदर्शनी एनएसजी कलाकार समूह बङ्गलादेश, फ्याकल्टी अफ भिजुअल आर्ट र भिजुअल एण्ड पर्फमेन्स विश्वविद्यालय, श्रीलंकको कला संकायको सहकार्यमा आयोजना गरिएको थियो। एक्स्पोमा चित्रकला, मूर्तिकला, सिरामिक र प्रिन्टमेकिङलगायतका विधामा कला प्रदर्शन गरिएको थियो।

अन्तराष्ट्रियस्तरको कला प्रदर्शनीमा सुमनले मिथिला चित्रकला प्रदर्शन गर्नुभएको थियो। उहाँले प्रदर्शन गर्नुभएको चित्रकालामा मिथिला संस्कृतिसँगै इतिहास, मानव सभ्यता, प्रकृति, राजनीतिदेखि ब्रहमाण्ड जगतको भाव समेटिएको छ। अन्तर्राष्ट्रियस्तरमा कला प्रदर्शनीमा सहभागी हुँदा एकअर्काको कलासंस्कृति अनुशरण गर्न पाइको बताउँदै उहाँले एक्स्पोमा कला शिविर, कार्यशाला र प्रत्यक्ष प्रस्तुतीकरण पनि



गरिएको बताउनुभयो। "सबै देशका कलाकार एकै ठाउँमा जम्मा हुँदा सिक्ने र सिकाउने मौका पाएका बताउँदै उहाँले यो एक्स्पोको अर्थ पनि कलाको विश्वव्यापीकरण गर्नु र मित्रताको सन्देश दिएको बताउनुभयो। सो एक्स्पोमा आठ देशका ४० जना कलाकारको चित्रकाला प्रदर्शनीमा राखिएको थियो। चारदशकदेखि मिथिला कलामा सक्रिय उहाँले बेलायत, चीन, श्रीलङ्कामा ४० पटकभन्दा बढी सामूहिक कला प्रदर्शन गरिसक्नु भएको छ। नेदरल्याण्ड, अष्ट्रेलियाजस्ता देशमा १८ भन्दा बढी एकल प्रदर्शन गर्नुभएको छ।

**भारतले...**

माओवादी केन्द्रका एक जना पदाधिकारीले भन्नुभयो, 'प्रधानमन्त्री ओलीजी अहिले भारतको विरुद्धमा अभिव्यक्ति दिनुको कारण नै उहाँलाई स्वागत नगर्नु हो। भारतले ओलीलाई प्रधानमन्त्रीको रुपमा अहिलेसम्म स्विकार गरेको छैन। त्यसले गर्दा उहाँ (ओली)तनाबमा हुनुहुन्छ।' भारतले नबोलाए पछि प्रधानमन्त्री ओलीले मोदीसँग अमेरिकामा नै भेट्न खोज्नु भएको छ। तर यो समाचार तयार पार्दासम्म भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सकारात्मक प्रतिकृया दिएको छैन। परराष्ट्र मन्त्रालय स्रोतका अनुसार भारतका प्रधानमन्त्री मोदीले प्रधानमन्त्री ओलीसँग भेट्न नै चाहनु भएको छैन जस्तो लागेको छ तैपनि नेपालबाट प्रयास जारी छ।

एमालेका अध्यक्ष ओलीले आफूलाई नेपाली जनतामाझमा राष्ट्रवादी देखाउनका लागि भारतको विरुद्धमा नाकारात्मक अभिव्यक्तिहरु दिने गर्नुभएको छ त्यसले गर्दा भारत पनि उहाँप्रति चिढिएको छ। अहिले प्रधानमन्त्री बन्दा पनि भारतको चाहना बमोजिम भएन। भारतले माओवादी-काँग्रेसको गठबन्धन भत्काउन चाहेको थिएन। एमालेले विभिन्न षड्यन्त्र गरेर त्यो गठबन्धन भत्काएर माओवादीसँग बनायो। एमाले-माओवादी गठबन्धन बनेपनि प्रधानमन्त्रीमा प्रचण्ड हुनु नै भारतका लागि अनुकुल थियो तर जब ओलीले माओवादीलाई छाडेर काँग्रेससँग गठबन्धन बनाएर आफू प्रधानमन्त्री बन्नुभयो त्यसपछि भारतका लागि टाउको दुखाईको विषय बन्यो। भारतले पनि ओलीसँग सम्बन्ध सुधार गरेर नै अगाडि बढ्न चाहेको छ। तर उहाँको हरकतको कारण विवाद झन बढ्दै गइरहेको छ। अमेरिका भ्रमणबाट असोज १२ गते फर्केपछि ओली पहिला भारत जानुहुन्छ कि चीन। त्यो भारत-ओली बिचको सम्बन्धमा भर पर्छ।

**साना दल...**

त्यो पार्टीलाई टुक्र्याएर पाँच छ जना मात्र निकाल्न सक्यो भने काँग्रेसभन्दा ठूलो पार्टी एमाले हुनेछ। राष्ट्रिय स्वतन्त्र पार्टीलाई पनि फुटाउनका लागि प्रधानमन्त्री ओली कसरत छाड्नु भएको छैन। मुकुल ढकाललाई त्यो पार्टीबाट बाहिर निकालेर विभिन्न हरकतहरु गराई नै रहनु भएको छ। सहकारी समितिमार्फत सो पार्टीका सभापति रवि लामिछानेलाई दोषी देखाइ दिनुभयो। उपासभामुख रानामाथि प्रहार गर्नु नै भयो। अब त्यो पार्टीलाई कसरी विभाजन गर्न सकिन्छ। त्यतातिर उहाँको सम्पूर्ण ध्यान केन्द्रीत भएको छ। एमालेका एक नेताले भन्नुभयो, 'एमालेका अध्यक्ष ओलीले नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठलाई अगामी ८४ को चुनावमा सांसद बनाउने ग्यारेन्टी लिनुभयो भने जुनसुकै बेला एमालेसँग एकिकरण गर्न तयार हुन्छन्।' नागरिक उन्मुक्ति पार्टीलाई फोड्न धेरै मेहनत नै गर्नुपर्दैन। एउटा राज्यमन्त्री दिएकै छ। रञ्जिता श्रेष्ठलाई मन्त्री बनाइ दियो भने नागरिक उन्मुक्ति पार्टी एमालेकै हुन्छ भनि एमालेका नेताहरुको हिसाब किताब रहेको छ।

यसरी साना दलहरुलाई समाप्त गर्दै आफू शक्तिशाली बन्ने दाउ प्रधानमन्त्री ओलीको रहेको छ र त्यसका लागि आफ्नो सम्पूर्ण शक्ति परिचालन गरिसक्नु भएको छ। आफ्नो प्रधानमन्त्रीको कार्यकालमा साना दलहरुलाई तहस नहस गर्नुहुन्छ। र ८४ को चुनावमा सबभन्दा ठूलो पार्टी बनाउने तयारी एमालेका अध्यक्ष एवं प्रधानमन्त्री ओलीको रहेको छ।

**लोसपामा...**

मधेश आन्दोलनको क्रममा भएको घटनालाई लिएर अदालतले गरेको निर्णयलाई मान्य हुँदैन भनि लोसपाका अध्यक्ष महन्थ ठाकुरको दावी छ। सरकारले निलम्बन गरेपनि पार्टीले निलम्बन गर्न सक्दैन किनभने अभिराम शर्मा दोषी होइन, उहाँलाई नियोजित ढंगबाट फँसाइएको भनि बुझाई अध्यक्ष ठाकुरको रहेको छ। सरकारले दोषी देखाएर निलम्बन गर्‍यो, पार्टीले पनि उहाँलाई निलम्बन गर्‍यो भने शर्माको अपमान हुने तर्क अध्यक्ष ठाकुरको रहेको छ। त्यही भएर उहाँलाई संसदीय दल वा अन्य कुनै पनि पदबाट पार्टीले हटाउन नसकिने अध्यक्ष ठाकुरको तर्क रहेको छ।

तर अध्यक्ष ठाकुरले भनेको कुरा भावनात्मक हो। कानुनले त्यो मान्दैन। शर्मा निलम्बन भएपछि सो पद खाली हुन्छ। त्यहाँ पार्टीले कसैलाई नकसैलाई नियुक्त गर्नैपर्छ। प्रदेशसभाले शर्मालाई संसदीय दलको नेता मानेको छैन। त्यसले गर्दा काम कारवाही प्रभावित भएको छ। प्रदेशसभा सदस्य उपेन्द्र महतो उपनेता हुनुहुन्छ। उपनेताबाट नै काम चलाउने भन्दै शर्माको ठाउँमा कसैलाई लोसपाले पठाउन चाहेको छैन। तर पार्टीका अधिकाँश प्रदेश सांसदले शर्माको ठाउँमा अरु कसैलाई पठाउनु पर्ने पार्टीमा भन्दै आउनु भएको छ। शर्मा फुकुवा भएपछि पुनः उहाँलाई दिन सकिन्छ तर अहिले खाली भएको ठाउँमा कसैलाई पठाउनु नै पर्छ भनि धारणा सांसदहरुको रहेको छ।

संसदीय दलको नेता पठाएपछि संसदीय दल चलायमान पनि हुन्छ र एउटा सांसदले सेवासेवा सुविधा पनि पाउँछ। शर्मालाई सो पद छाडेर पार्टीलाई कुनै फाइदा भएको छैन बरु घाटा नै भइरहेको प्रदेश सांसदहरुको दावी रहेको छ। यसअघि पनि उपेन्द्र महतोहरुले बहुमतबाट अभिराम शर्मालाई संसदीय दलको नेतामा चयन गराउनु भएको थियो। बहुमत सांसदहरु काठमाडौँ आएर महन्थ ठाकुरलगायत शीर्ष नेताहरुलाई दबाब दिएर अभिराम शर्मालाई संसदीय दलको नेता बनाउनु भएको थियो। तर आज सोनललाई पनि बहुमत सांसदले हस्ताक्षर गरेर दलको नेता बनाएपछि महन्थ ठाकुर मान्न तयार देखिनु भएको छैन। उल्टै पार्टीका उपाध्यक्ष सोनललाई स्पष्टकरण सोध्नुभएको छ। आफू खुशी बैठक बसाएर आफैलाई संसदीय दलको नेतामा चयन गर्नु कदापी मान्य हुँदैन, तपाईमाथि अनुशासनको कारवाही किन नहुने भनि तीन दिनभित्र स्पष्टीकरण दिन ३० गते सोनललाई पत्र पठाउनु भएको छ। तोकिएको अवधिमा चित्त बुझ्दो जवाफ नआएमा पार्टीबाट निष्काशन गरिने चेतावनी समेत उहाँले दिनुभएको छ।

मधेश प्रदेशको प्रदेश सभामा लोसपाका नौ जना सांसद छन्। त्यसमध्ये शर्मा निलम्बनमा पर्नुभएको छ। बाँकी आठ जना सांसद छन्। आठ जनामध्ये पाँच जना सोनललाई संसदीय दलको नेता बनाउनुपर्छ निर्णय गर्नुभएको छ। जैनुल राइनको अध्यक्षतामा बसेको बैठकमा जितेन्द्र सोनल, रमेश कुर्मी, रमिता प्रधान र रामबाबु यादवले हस्ताक्षर गर्नुभएको छ। उपेन्द्र महतो, रानी शर्मा र रुपा यादव सोनलको विपक्षमा छन्। एक सांसदले भन्नुभयो, 'जितेन्द्र सोनललाई नै संसदीय दलको नेता बनाउनुपर्छ भनै छैन जोसुकै एक जनालाई बनाए हुन्छ तर पद खाली राखेर पार्टीलाई कुनै फाइदा छैन महन्थजी जवर्जस्ती गर्न खोज्नु भएको छ। यसमा उहाँको के स्वार्थ छ थाह छैन। यसले पार्टीको विवाद समाधान हुनुका सट्टा झन बढ्छ।' संसदीय दलको नेता १० महिनादेखि खाली छ, यो त पार्टीलाई नै घाटा हो नि भावनात्मक कुरा आफ्नो ठाउँमा छ, तर यथार्थमा त पार्टीलाई यसले घाटा भइरहेको छ भन्दै उहाँले यसले शर्मालाई कुनै अपमान हुनेछैन, झन उहाँप्रति सम्मान बढ्ने बताउनुभयो।

तर महन्थ ठाकुरले निलम्बित सांसदलाई पदको बोझ किन दिइरहनु भएको छ बुझ्न नसकेको ती सांसदले बताउनुभयो।

**उपेन्द्रको सिको...**

तर यसपटक कालो दिवसकै रुपमा मनाउने तयारी रहेको बताइएको छ।

जसपा नेपालले संविधान संशोधनको विषयलाई जोडदार रुपमा उठाउदै आएको छ। संविधान संशोधन वा पुनर्लेखनका लागि जसपा नेपालले विभिन्न खालका संघर्षका कार्यक्रमहरु समेत गर्दै आएको छ। साउन ३० गते सम्पन्न केन्द्रीय समितिको बैठकले पनि संविधान संशोधनका लागि सरकारलाई दबाब दिने गरी अभियान चलाउने निर्णय गरेको छ। सुरु गरेको चार महिने अभियानमा संविधान संशोधन पनि एउटा मुख्य एजेण्डा रहेको प्रवक्ता सुमनले बताउनुभयो।

राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति क्रान्तिले पनि असोज ३ लाई कालो दिवसको रुपमा मनाउने भनि यसअघि नै निर्णय गरिसको छ। असोज ३ गते प्रदर्शन गर्ने राष्ट्रिय मुक्ति क्रान्ति अभियानले निर्णय गरेको छ। त्यस्तै, वृषेशचन्द्र लाल नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टीले संविधान संशोधनको माग राख्दै आन्दोलन गरिरहेको छ। तमलोपाले भदौं ३१ गते जनकपुरमा संविधान संशोधनको माग राख्दै खबरदारी सभाको आयोजना गरेको थियो।

दिवा तथा रात्री सेवा

आरामदायी यात्राका लागि सम्झनु होस्



एञ्जल A/C हाएस

बर्दिवास, गोलबजार, सिरहा-माडर, काठमाडौँसम्म

सम्पर्क

काठमाडौं
प्रकाश-९८४१३१४३१९, ९८०८५१९०१५
भोले श्याम-९८४१००२४६७, ९८१३९९२५२५

सिरहा
साने-९८५२८३१०७९, ९८०७७१७८९७
नागे-९८४२८२४३३९
विरेन्द्र-९८१६७०२०००

## वडा कार्यालयको अपिल

**तपाईको स्वास्थ्य हाम्रो अठोट**

**समयमा स्वास्थ्य बीमा गरौं, स्वास्थ्यप्रति सचेत बनौं**

नेपालको संविधानमा राज्यको निर्देशक नीति अन्तर्गत धारा ५१ (ज) १५ मा 'नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने' भन्ने व्यवस्था भए बमोजिम उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारद्वारा स्वास्थ्य बीमा ऐन, २०७४ एवं नियमावली, २०७५ जारी गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। स्वास्थ्य बीमा कार्यक्रम आर्थिक वर्ष २०७२/०७३ मा कैलाली, बागलुङ र इलाम जिल्लाबाट शुरु भई चरणबद्ध रुपमा देशभरि सञ्चालन भइरहेको छ। यो कार्यक्रम स्वास्थ्य उपचारमा हुने खर्चको भारलाई व्यवस्थापन गर्ने विधि हो। आम नागरिकको उपचारमा सह पहुँच पुगोस् भन्ने यस कार्यक्रमको उद्देश्य रहेको छ। यो कार्यक्रम परिवारमा आधारित कार्यक्रम हो। यसमा परिवारका सबै व्यक्ति सदस्य बन्नुपर्छ। पाँच जनासम्मको एउटा परिवारले वार्षिक ३,५००।- तिरेर सदस्य बनेपछि स्वास्थ्य उपचार आवश्यक पर्दा एक वर्ष भित्रमा १,००,०००।- सम्मको सेवाका लागि आवश्यक रकम तिर्नु पर्दैन। नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै औरही गाउँपालिका वडा नम्बर ५ ले स्वास्थ्य बीमा रकममा ५० प्रतिशत सहयोग गरेको छ। वडा कार्यालयले १७५० रुपियाँमा मात्र बिमा गराई रहेको छ। त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचारमा ढुक्क हुनका लागि बीमा कार्यक्रममा सहभागी बन्नुहोस्। वडा कार्यालयमा आएर सबैले स्वास्थ्य बीमा गरौं। आफ्नो र आफ्नो परिवारको स्वास्थ्यलाई ख्याल राखौं।

***थप जानकारीका लागि स्वास्थ्य बीमा बोर्डको वेभसाइट www.hib.gov.np मा लग इन गर्नुहोस्। अथवा, औरही गाउँपालिका वडा नम्बर ५ को कार्यालयमा वा ९८१४७३०३६५ मा सम्पर्क गर्नुहोस्।***

**मधेश प्रदेश**

**औरही गाउँपालिका, सिरहा**

**औरही वडा नम्बर ५ को कार्यालय**

# डाक्टर बन्न छाडेर राजनीति रोज्नु भएको राजु गुप्ता

राजकुमार गुप्ता अर्थात राजु गुप्ता जनता समाजवादी पार्टी नेपालका कार्यकारिणी सदस्य हुनुहुन्छ । १४-१५ वर्षकै उमेरदेखि मधेशको राजनीतिमा लाग्नु भएका राजु गुप्ता २०४६ सालदेखि गजेन्द्रनारायण सिंहले गठन गर्नुभएको सद्भावना परिषद्देखि मधेश आन्दोलनमा सक्रिय रहनु भयो । त्यो बेलादेखि हालसम्म त्यसलाई निरन्तरता दिनुभएको छ । राजु गुप्ता जसपा नेपालको तर्फबाट मधेश प्रदेशको प्रदेश सभा सदस्य पनि हुनुन्छ । सिरहा लक्ष्मीपुर पतारी-३ हरिनगरका ५१ वर्षिय राजु गुप्ता यसरी राजनीतिमा सक्रिय हुन्छु र सांसदसम्म बन्छु भनि सोच्नु भएको थिएन । साइन्स पढेर डाक्टर बन्ने सपना थियो राजु गुप्ताको । यही सोचाइ घर परिवारको पनि थियो । एकजना दाइ देवप्रकाश गुप्ता इञ्जिनियर हुनुहुन्छ र अर्को छोरा राजु गुप्तालाई डाक्टर बनाउने सोचले आमा बुवाले उहाँलाई साइन्स पढाउनु भयो तर कलेजमा अध्ययन गरिरहँदा नै उहाँलाई राजनीतिको चस्का लागि सकेको थियो ।

**अध्ययनसँगै राजनीति**

दुई कक्षासम्म गाउँकै श्री जनता नन्द ललित माविमा पढ्नु भएका राजु गुप्ता तीन कक्षादेखि भारत विहार मधुवनी जिल्लाको दरभगांको एक बोर्डिङ स्कूलमा ६ कक्षासम्म पढ्नुभयो । त्यसपछि उहाँ त्यतिबेलाको सहरसा र अहिलेको सुपौल जिल्लाको नर्मली हाइस्कुलमा ६ कक्षादेखि १० सम्म पढ्नुभयो । सन् १९८८ मा त्यहाँबाट फर्स्ट डिभिजनमा म्याट्रिक (एसएलसी) पास गर्नुभएका राजु गुप्ता भारत दरभङ्गाको सीएम कलेजबाट सन् १९९० मा आइएससी पास गर्नुभयो । त्यसपछि उहाँ सन् १९९३ बोध गायाको मगध युनिभर्सिटीबाट बीएससी (अनर्स) पास गर्नुभयो । बीएससी पास गर्ने बित्तिकै नेपाल आएर उहाँले एमबीबीएसको तयारीमा लाग्नुभयो । छात्रवृतिबाट नै उहाँले नाम निकाल्न पनि सफल हुनुभयो । कोहलपुरको एक कलेजमा पढ्नका लागि नाम पनि प्रकाशित भयो ।

राजु गुप्ता त्यतिबेलासम्म राजनीतिमा लागि सक्नु भएको थियो । उहाँले डाक्टरी पढ्न छाडेर राजनीतिमा लाग्नुभयो । अर्कोतिर एबीबीएसमा नाम निकाल्न मान्छेले निकै मेहनत गर्छन् । लाखौ रुपियाँ खर्च गर्छन् तर राजु गुप्ताले छात्रवृतिमा नाम निकाले पनि राजनीतिका कारण त्यसलाई त्याग्नुभयो । राजनीतिमा लागि सकेपछि पढाइ लेखाइतिर कहिले फर्केर हेर्नुभएन । एकपटक एमएससी पढ्नका लागि नाम लेखाउनु भएको थियो तर तर फर्केर कहिले कलेज जानु भएन । राजु गुप्ता भन्नुहुन्छ, 'राजनीतिमा यसरी पसि सकेका थिए कि त्यहाँबाट निस्किन गाह्रो थियो ।' राजनीतिको रफ्तारमा उहाँ लाग्नुभयो ।

**गजेन्द्रबाबुसँग भेट**

बुबा रामलोचन गुप्ताले ठेक्का पट्टाको काम भारतमै गर्नुहुन्थ्यो । प्रायः बसाई उतै हुन्थ्यो । भारतकै बासी जस्तो भइसक्नु भएको थियो । जग्गा जमिन लिएर त्यही घर पनि बनाइ सक्नु भएको थियो । त्यही भएर राजु गुप्ताका सबै पढाई लेखाई भारतमा भएको थियो । भारत राजनीतिको आखाडा हो । त्यसमा त झन बिहार पुरै भारतलाई राजनीति उत्पादन गरेर दिने ठाउँ जस्तो भएको छ । त्यहाँ कलेजहरुमा पनि विद्यार्थीहरु राजनीति गरेका हुन्छन् । त्यसबाट राजु गुप्ता पनि प्रभावित भइसक्नु भएको थियो । १० कक्षा पास गरेपछि विद्यार्थी राजनीतिमा घुलमिल भइसक्नु भएको थियो ।



त्यहाँ पढ्ने नेपाली विद्यार्थीहरुको छुट्टै समूह हुन्थ्यो । नेपालको राजनीति बारे चर्चा हुन्थ्यो । त्यहाँका नेताहरु पनि नेपालको राजनीति बारे चासो लिनु हुन्छ । सहयोग पनि गर्नुहुन्छ । आइएससी पढ्न सुरु गर्दा नै गजेन्द्रबाबुसँग राजु गुप्ताको सम्पर्क भएको थियो । सद्भावना परिषद् गठन गरिसकेपछि संगठनकै कामको शिलशिलामा भारत आउजाउ हुन्थ्यो गजेन्द्रबाबुको । खासगरी भारत विहारको प्रायः सबै कलेजमा नेपाली विद्यार्थीहरु अध्ययनरत हुन्थे । त्यतिबेला उच्च शिक्षाको गन्तव्य भारत नै हुन्थ्यो नेपाली विद्यार्थी खासगरी मधेशी विद्यार्थीका लागि । कलेजहरुमा गएर गजेन्द्रबाबु नेपाली विद्यार्थीहरुसँग भेटनु हुन्थ्यो र राजनीतिको कुरा गर्नुहुन्थ्यो । संगठन बनाउनु हुन्थ्यो । सोही क्रममा गजेन्द्रबाबुसँग राजु गुप्ताको भेट भएको थियो । राजु गुप्ताको बुबा रामलोचन गुप्ता र गजेन्द्र बाबुको बिचमा राम्रो दोस्ती थियो । दरभागां आउ जाउ गर्दा उहाँहरुको बिचमा भेटघाट हुन्थ्यो । सोही क्रममा राजु गुप्तासँग पनि भेट भएको थियो । भारतमै भेट हुँदा राजु गुप्ता गजेन्द्रबाबुको विचारबाट प्रभावित हुनुभएको थियो । त्यही बेलादेखि राजु गुप्ताले राजनीतिमा चासो लिन थाल्नु भएको थियो र गजेन्द्रबाबुको लागि काम गर्न थाल्नु भएको थियो ।

**गजेन्द्रबाबुका चुनावी कमाण्डर**

२०४६ को जनआन्दोलन सफल भएपछि २०४७ मा नेपाल सद्भावना पार्टी गठन भएपछि राजु गुप्ताले गजेन्द्रनारायण सिंहबाट भारतको दरभगांमा नै सदस्यता लिनुभएको थियो । त्यसपछि त झन त्यहीको विद्यार्थी राजनीति सक्रिय हुनुभयो । तर उहाँ राजनीतिमा सक्रिय भएपनि पढाईलाई कहिले डिस्टर्व हुन दिनुभएन । डाक्टर बन्नु छ, आमा बुबाको इच्छा पुरा गर्नुछ भनि पुरा ध्यान पढाईमा थियो उहाँको । तर राजनीतिप्रतिको चासोलाई पनि मर्न दिनुभएन । २०४८ मा भएको आमाचुनावमा राजु गुप्ता गजेन्द्रबाबुको लागि खट्नुभएको थियो । गजेन्द्रबाबुले राजु गुप्तालाई चुनावमा आएर सघाउनका लागि भन्नुभएको थियो । गजेन्द्रबाबुले राजु गुप्ताको बुबासँग कुरा गरेर चुनावमा सहयोग गर्नका लागि उहाँलाई भारतबाट मगाउनु भएको थियो ।

राजु गुप्ता भन्नुहुन्छ, 'त्यतिबेला कलेजको पनि विदा थियो । र बुबाले पनि चुनावमा गजेन्द्रबाबुलाई सहयोग गर्न जानुपर्छ भन्नुभएको थियो । त्यसले गर्दा झन सजिलो भयो ।' चुनावमा लागेपछि छोरा बिग्रिन्छ कि भनि चिन्ता उहाँको बुबालाई नभएको होइन तर गजेन्द्रबाबुसँग दोस्तीको अगाडि त्यो चिन्ता फिका भयो र छोरालाई चुनावका लागि पठाउनु भएको थियो । राजु गुप्ता गजेन्द्रबाबुको चुनावी अभियानमा आर्थिक व्यवस्थापनमा खटिनु भएको थियो । कहाँ कति खर्च गर्नुपर्छ, कसलाई दिनुपर्छ र त्यसको जोहो कसरी गर्नुपर्छ भनि व्यवस्थापनमा लाग्नुभएको थियो । राजु गुप्ता त्यतिबेला सप्तरी, सिरहा र पर्सासम्म चुनावी अभियानमा लाग्नु भएको थियो । त्यतिबेला नेपाल सद्भावना पार्टीले ६ वटा सीटमा चुनाव जितेको थियो । त्यसलाई त्यतिबेलाको अवस्थामा ठूलै उपलब्धीको रुपमा लिएको थियो ।

चुनाव सकिएपछि राजु गुप्ता पुनः भारत फर्केका थिए र आफ्नो पढाईमा लाग्नुभएको थियो । भारतको विहारमा आरक्षण, ब्याकवार्ड, फरवार्डको राजनीति सुरु भइसकेको थियो । समाजिक न्यायका लागि विभिन्न आन्दोलनहरु भइरहेका थिए । भारतका राष्ट्रिय जनता दल, समाजवादी पार्टी जस्ता पार्टीहरु त्यसका लागि संघर्ष गरिरहेको थियो । त्यसबाट राजु गुप्ता निकै प्रभावित हुनुभएको थियो । नेपालका मधेशीमाथि यस्तै खालको विभेद भइरहेको छ । यस्तै खालको संघर्ष त्यहाँ पनि गर्नुपर्छ भनि सोच राजु गुप्तामा आइसकेको थियो । त्यतिबेला उहाँ बोध गायामा बीएससीमा अध्ययनरत हुनुहुन्थ्यो । बीएससी पढाइ सकिने सकिने बेला नेपालमा मध्यावधी चुनाव २०५१ मा भएको थियो । त्यो चुनावमा पनि राजु गुप्ता गजेन्द्रनारायणको चुनावी अभियानमा खटिनका लागि भारतबाट आउनु भएको थियो । २०४८ सालकै जस्तै राजु गुप्ता चुनावमा खुब मेहनत गर्नुभयो ।

**छाड्नुभयो डाक्टरी पढाइ**

चुनाव सकिएपछि उहाँ पुनः भारत फर्किनुभएको थियो । त्यहाँ फाइनल परीक्षा पास गरेपछि नेपाल फर्केर डाक्टरी पढाइमा लाग्नुभएको थियो । तर पढाईमा उहाँलाई मन लागि रहेको थिएन । राजनीतिमा उहाँको मनलाई तानिसकेको थियो । एमबीबीएसका लागि छात्रवृतिमा पढ्ने मौका पाए पनि उहाँले छाडेर गजेन्द्रबाबुसँगै राजनीतिमा सक्रिय हुनुभएको थियो । मनमोहन सिंह प्रधानमन्त्री भएको बेला प्रतिनिधिसभा विघटन गर्नुभएको थियो तर सर्वोच्च अदालतले त्यसलाई उल्टाइ दिएको थियो । त्यसपछि बनेको संयुक्त सरकारमा गजेन्द्रनारायण सिंह आपूर्ती मन्त्री बन्नुभएको थियो ।

मन्त्री बनेको केही दिनमै उहाँ भारत जानुभएको थियो । दिल्लीबाट उहाँ पटना हुँदै फर्किनु भएको थियो । गजेन्द्रबाबुले पटनामा राजु गुप्तालाई भेटेर आफू मन्त्री रहेको मन्त्रालयका सचिवालयमा काम गर्न भन्नुभएको थियो र उहाँका बुबालाई भनेर त्यही दिन आफ्नै साथ ल्याउनु भएको थियो नेपाल । आपूर्ती मन्त्रालयमा गजेन्द्रबाबुको स्वकीय सचिवको रुपमा काम गर्न थाल्नुभयो । मन्त्री हुँदा स्वकीय सचिवको रुपमा काम गर्नुभएका राजु गप्ता गजेन्द्रबाबु मन्त्रीबाट हटेपछि पनि त्यसलाई निरन्तरता दिनुभयो । गजेन्द्रबाबुको निधन हुँदासम्म स्वकीय सचिव हुनुहुन्थ्यो राजु गुप्ता ।

**राजनीति यात्रा**

गजेन्द्रबाबुले नेतृत्व गरेको नेपाल सद्भावना पार्टीमा हुँदा राजु गुप्ता २०५४ मा सिरहा महेशपुर-९ को वडाअध्यक्षमा चुनाव जित्नुभयो । त्यसपछि जिल्ला विकास समितिको इलाका सदस्य पनि हुनुभयो । त्यस लगतै पार्टीको संसदीय समितिको सचिव पनि बन्नुभयो । २०५५ मा नेपाल सद्भावना पार्टीको युवा मञ्चको अध्यक्ष पनि बन्नुभयो । अध्यक्षमा चार वर्षसम्म रहनुभयो । २०५८ मा गजेन्द्रबाबुको निधन भएपछि बद्री मण्डल कार्यवाहक अध्यक्ष बन्नु भएको थियो । बद्री मण्डलले सप्तरीको राजविराजमा गराउनु भएको महाधिवेशनबाट राजु गुप्ता पार्टीको केन्द्रीय सदस्य बन्नुभयो । सोही महाधिवेशनबाट नेपाल सद्भावना पार्टी विभाजन भएको थियो । राजु गुप्ता बद्री मण्डल समूहतिर लाग्नुभएको थियो । २०६२ मा तत्कालिन राजा ज्ञानेन्द्र शाहले 'कु' गरेपछि बद्री मण्डलले उहाँलाई साथ दिनुभएको थियो । त्यसको विरुद्ध राजु गुप्तालगायतका नेताले गर्नुभएको थियो । त्यस कारणले बद्री मण्डलले राजु गुप्तालाई पार्टीबाट निस्काशन पनि गर्नुभयो । केही समयपछि बद्री मण्डलले त्यो पार्टी आफै छाड्नुभयो । त्यसको कार्यबाहक अध्यक्ष लक्ष्मणलाल कर्ण बन्नुभएको थियो । राजु गुप्तालाई गरेको कारवाही फिर्ता भयो र उहाँ पुनः राजनीतिमा सक्रिय हुनुभयो ।

२०६४ मा नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)सँग एकीकरण भयो । र त्यो पार्टीमा राजु गुप्ता सहमहासचिवको पद पाउनुभयो । पार्टीमा आनन्दीदेवीलाई लिएर अनेक षड्यन्त्र सुरु भएको थियो । पार्टीको महाधिवेशन हुँदा पार्टीमा आन्तरिक विवाद भयो । राजेन्द्र महतो २०६४ मा नेपाल सद्भावना पार्टी (आनन्ददेवी)बाट अलग भएर आफ्नै नेतृत्वमा सद्भावना पार्टी बनाउनुभयो । राजु गुप्ता राजेन्द्र महतोको साथमा सद्भावना पार्टी बनाउनुभयो । त्यो पार्टीमा पनि राजु गुप्ता सहमहासचिवको पद पाउनुभयो । त्यतिबेलासम्म मधेश आन्दोनल पिक अवस्थामा थियो । त्यतिबेला नै सद्भावना पार्टी, तमलोपा र फोरम बिच तालमेल भयो र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा गठन भयो । दोस्रो चरणको मधेश आन्दोलन सुरु भएको थियो । तर राजु गुप्ता सुरुदेखि मधेश आन्दोलनमा सहभागि हुनुहुन्थ्यो । लहानमा गठन भएको मधेश आन्दोलन परिचालन समितिको सल्लाहकार हुनुहुन्थ्यो उहाँ ।

**चुनावी राजनीति**

मधेशी मोर्चा आन्दोलन गर्न थालेपछि राजु गुप्ता झन सक्रिय हुनुभयो । आन्दोलनपछि २०६४ मा भएको संविधान सभाको चुनावमा राजुलाई सिरहा १ को लागि सद्भावना पार्टीले टिकट दियो । तर संयोग उहाँ चुनाव हार्नुभयो । तत्कलिन मधेशी जनअधिकार फोरमका लक्ष्मण मेहता चुनाव जित्नुभयो । त्यतिबेला सद्भावना पार्टी समानुपातिक सहित नौ सीट प्राप्त गरेको थियो । राजेन्द्र महतो सरकारमा जानुभयो । महतोले राजु गुप्तालाई बोलाएर नेशन ट्रेडिङको बोर्ड अफ डाइरेक्टरमा जान भन्नुभयो । तर उहाँ आफू राजनीति नियुक्तमा नजाने, राजनीति नै गर्ने र चुनावको तयारी गर्ने भन्नुभएको थियो । त्यसपछि उहाँ संगठनको काममा लाग्नुभयो । आफ्नो क्षेत्र बनाउनेतिर लाग्नुभयो ।

सद्भावना पार्टी अर्थात राजेन्द्र महतोले २०७० मा भएको दोस्रो संविधानसभा चुनावमा टिकट नदिएर राजु गुप्ताको नाम समानुपातिक सूचीमा राख्नुभएको थियो । एक सीट आएपनि तपाईलाई नै दिने भनि राजु गुप्तासँग प्रतिवद्धता गर्नुभएको थियो राजेन्द्र महतो । तर समानुपातिक सीट आए पनि राजेन्द्र महतोले राजु गुप्तालाई दिनुभएन । त्यसले उहाँलाई निकै चित्त दुख्यो । उहाँले भन्नुभयो, 'म २०६४ मा चुनाव हारेपछि आफ्नो क्षेत्रमा निकै मेहनत गरेको थिए म टिकट लिएर चुनाव लड्न चाहन्थे तर टिकट दिनुभएन । समानुपातिकमा जसरी पनि ल्याउने भन्नुभएको थियो तर अरुअरुलाई बनाउनु भयो तर मलाई दिनुभएन । मसँग धोका भएको महसुस गरे ।' त्यसपछि राजु गुप्ता पार्टीमा निस्कृय हुनुभयो । राजिनामा दिन पनि जानुभयो तर राजेन्द्र महतोले राजिनामा दिन दिनुभएन । जसरी पनि तपाईलाई व्यवस्थापन गरिन्छ भनेर राजु गुप्तालाई राजेन्द्र महतोले पार्टी छाड्नबाट रोक्नुभएको थियो ।  संविधान निर्माणलाई लिएर आन्दोलन चलिरहेको थियो । त्यही कारणले मधेशवादी दलहरु सरकारमा गएको थिएन ।

बाँकी पृष्ठ ११ मा

# परियोजना गर्‍यो दुई हजार तीन सय हेक्टरमा धान खेती

बाँकेमा धानजोनद्वारा दुई हजार तीन सय हेक्टरमा खेती गरेको छ। त्यहाँ विगत तीन वर्षदेखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाइ बर्दियाले 'धानजोन परियोजना' बाँकेका तीन गाउँपालिकामा लागू गरेको हो। बाँकेको जानकी, खजुरा र बैजानाथ गाउँपालिकाको ११ वटा वडाका दुई हजार तीन सय हेक्टर जमिनमा धानखेती गरिएको परियोजनाका कृषि अधिकृत गणेश यादवले बताउनुभयो। "हामीले धानको मूल बीउ उत्पादनका लागि बाँकेका तीनवटा गाउँपालिकामा यो परियोजना लागू गरेका हौँ," उहाँले भन्नुभयो, "यो परियोजनाले धानखेतीका लागि सिँचाइ, कृषियान्त्रिकीकरण, बीउबिजन र प्राविधिक सहयोग गर्दै आएको छ।"

यादवका अुनसार जानकी गाउँपालिका-२ वनकटवाको ग्रिन नेपाल कृषि फर्म र सोही पालिकाकै वडा नं ३ रामवापुरको बैष्णो कृषि फर्ममार्फत १० हेक्टर क्षेत्रफलमा धानको मूल बिउ उत्पादनका लागि खेती गरिएको छ। धानको अवस्था बुझ्न कृषि प्राविधिकहरूले १० हेक्टर क्षेत्रफलमा लगाइएको धानको अनुगमन गरेका छन्। यस क्षेत्रका किसानलाई सहज रुपमा बिउ उपलब्ध गराउन राधाचार र रामधानको मूल बिउ उत्पादन गरिँदैछ। जसअन्तर्गत ४०० क्विन्टल मूल बिउ उत्पादन हुने परियोजनाका कृषि अधिकृत गणेश यादवले बताउनुभयो। उहाँले परियोजनाले बिज वृद्धि कार्यक्रमका लागि एक लाख ५० हजार बजेट विनियोजन गरेको जानकारी दिनुभयो। उक्त रकम बीउ बिषादी, जिङ्क र साइन बोर्डमा अनुदान दिइएको परियोजनाले जनाएको छ।

परियोजनाले आधुनिक तरिकाले खेती गर्न तीन ठाउँमा 'कष्टमहायरिङ्ग सेन्टर' स्थापना गरेको यादवले बताउनुभयो। "धानखेतीका लागि आवश्यक सबै यन्त्र अनुदानमा उपलब्ध गराइएको छ," उहाँले भन्नुभयो, "जहाँबाट सहज रुपमा किसानहरु धानखेतीका लागि ती यन्त्रहरु प्रयोग गरिरहेका छन्।" जनहित कृषक समूह बैजानाथ-८ झिगौराका अध्यक्ष जगनरायाण थारुले कष्ट हायरिङ्ग सेन्टर स्थापनापछि किसानलाई फाइदा भएको बताउनुभयो। "यो परियोजनाले हामी किसानलाई काम गर्न सजिलो बनाएको छ। सबै कृषियन्त्र एकै ठाउँमा उपलब्ध हुँदा खेती गर्न सहजभएको छ," उहाँले भन्नुभयो।

परियोजनाले सहकारी र समूहका किसानहरुलाई 'कष्टमहायरिङ्ग सेन्टर'मार्फत ट्याक्टर, थ्रेसर, रोटाबेटर, लेबलर, पावर टिलरलगायत कृषि सामग्री ५० प्रतिशत अनुदानमा वितरण गरेको परियोजनाका कृषि अधिकृत यादवले बताउनुभयो। परियोजनाअर्न्तगत पाँच ठाउँमा ५० हेक्टरमा धानको चकलाबन्दी गरिरहेको छ। परियोजनाले समेटेको कार्यक्षेत्रअन्तर्गत आठ सय १४ जना कृषक तथा समूह र सहकारी जोडिएका छन्। ती किसानहरुका लागि यो चालु आर्थिक बर्षमा साना सिँचाइ, धानको चकलाबन्दी, कष्टमहायरिङ्ग सेन्टर स्थापना, धानको बिज वृद्धि, कृषि यान्त्रिकीकरणमा सहयोग, पोष्टहार्वेष्ट, सामग्री वितरण, औद्योगिक संरचना निर्माण तथा मेसिनरी सहयोग, व्यावसायिक प्याज प्रवर्द्धन कार्यक्रम, तरकारी क्षेत्र विस्तार कार्यक्रम रहेको परियोजनाका सूचना अधिकारी ध्रुवराज जोशीले जानकारी दिनुभयो।

उहाँका अनुसार यसै परियोजनाअन्तर्गत बाँकेमा चालु आर्थिक वर्ष २०८१/०८२ बाट तरकारी जोनको कार्यक्रम सञ्चालन गरिँदैछ। जसअन्तर्गत ५०० हेक्टर तरकारी खेतीमा सहयोग गर्ने परियोजनाका सूचना अधिकारी जोशीले बताउनुभयो । चालु आवमा एक करोड २९ लाख धानखेती र ५० लाख तरकारीखेती प्रवर्द्धनका लागि बजेट रहेको परियोजनाले जनाएको छ। परियोजनाअन्तर्गत यसै वर्ष बाँकेको जानकी गाउँपालिका-१, २, ३, ४ त्यसैगरी, खजुरा गाउँपालिका-२ र ४ र बैजानाथ गाउँपालिका-२, ३ र ४ गरी ११ वटा वडामा कार्यक्रम लागू गरिएको छ। जसअन्तर्गत दुई हजार तीन सय ४१ हेक्टर क्षेत्रफलमा धानखेतीमा प्रवर्द्धन कार्यक्रम लागू गरिएको छ।

# कृषिउत्पादन प्रणालीलाई रूपान्तरण गर्न नेटवर्क

एफएओले एशिया प्रशान्त क्षेत्रका कृषिउत्पादन प्रणालीलाई रूपान्तरण गर्न नयाँ विज्ञान र नवप्रवर्तन नेटवर्क सुरू गरेको छ। दिगो कृषि उत्पादन प्रणालीको रूपान्तरणले धेरै नीतिगत तहमा समन्वयात्मक प्रतिक्रियाको आवश्यकता पर्ने भएकाले विशेष गरी एशिया प्रशान्त क्षेत्रमा खाद्य सुरक्षा र जीविका सुनिश्चित गर्न संयुक्त राष्ट्र संघको खाद्य र कृषि संगठनले चीनमा आयोजित 'एक देश एक उत्पदन' दोस्रो क्षेत्रीय आयोजनात्मक समूहको बैठकमा जारी छ।

एफएओद्धारा जारी विज्ञप्तीमा भनिएको छ, 'प्रशान्त क्षेत्रका बाइस वटा देशहरूले बीस छुट्टै विशेष कृषि उत्पादनको पहिचान गरेका छन्, जसमा केही सामान्य चामलभन्दा कम परिचित छन् तर विशाल सम्भावना राख्छन्। यी उत्पादनहरूले अझै पूर्ण रूपमा अनुसन्धान र कृषि विकास कार्यक्रमहरूको लाभ प्राप्त गरेका छैनन्। तर, यी उत्पादनहरू खाद्य सुरक्षा र स्वस्थ आहार सुनिश्चित गर्न महत्वपूर्ण उदाहरणहरू हुन् र मुख्यधारा उच्च मूल्यका घरेलु, क्षेत्रीय र अन्तर ाष्ट्रिय मूल्य श्रृंखलामा र बजारमा समावेश गरिने सम्भावना छ।' 'विज्ञान र नवप्रवर्तनलाई अगाडि ल्याएर, यो नयाँ नेटवर्कले देशलाई आफ्ना विशिष्ट कृषि उत्पादनहरूको मूल्य अधिकतम बनाउन मद्दत गर्नेछ', एफएओका सहायक महासचिव तथा एशिया र प्रशान्तका क्षेत्रीय प्रतिनिधि जोङ जिन किमले भन्नुभयो, 'हामी सांस्कृतिक रूपमा महत्वपूर्ण र पारिस्थितिक रूपले अनुकूल विकास गरेर समावेशी वृद्धि, दिगो कृषि, र सुधारिएको खाद्य सुरक्षा सुनिश्चित गर्ने मार्गहरू सिर्जना गर्दैछौं।'

"नियमितदूध सेवन गरौं, रोग प्रतिरोधात्मकक्षमता बढाऔं"

**दूध एक फाइदाअनेक**

दूधमाचिल्लोपदार्थ, प्रोटिन, कार्वोहाइड्रेड, खनिजपदार्थ र भिटामिन जस्ता शरीरलाई आवश्यक पर्ने तत्वहरु पाइने हुंदादूधलाई एक उत्तमखाद्यपदार्थको रुपमालिईन्छ। चिल्लो पदार्थले शरीरलाई शक्तिप्रदानगर्दछ। ल्याक्टोजले तुरुन्तशक्तिप्रदान गरी शरीरमा स्फूर्ति आई पुनःकाममा सक्रियहुन मद्दत गर्दछ। प्रोटिनले शरीरको कोषिका, तन्तु लगायतशारीरिक वृद्धि गरी शरीरलाई शक्ति समेत प्रदानगर्दछ। दूधमा भिटामिन A, D, E, K, B-Complex पाईन्छन। यी भिटामिनले रतन्धो हुनबाट जोगाउने, प्रजननक्षमताको विकास गर्ने तथाशारीरिक वृद्धि विकास, हाड तथामांसपेशीहरु मजबुतपार्नुका साथै खानाखाने रुची जगाउँदछ। शरीर बृद्धिको लागिआवश्यकपर्ने लवणहरु क्यालसियम, फस्फोरस, म्यागनेसियम, क्लोरिन, पोटासियम, सोडियम आदिदूधमापाईन्छन्। यसले शरीरिक सन्तुलन राख्नुका साथै शारीरिक विकास गर्दछ साथै दूधमापाईने Lactoalbumin र Lactoglobulin ले Immunity powe rबढाउनमा समेत मद्धतगर्दछ।नेपालको खाद्यनियमावलीअनुसार प्रशोधित १०० ग्राम दूधबाट करिब ६० क्यालोरी शक्तिप्राप्त हुन्छजसले रोग प्रतिरोधात्मकक्षमताअभिवृद्धि गराउनमा सहयोग पुऱ्याउछ।

राष्ट्रिय दुग्ध विकास बोर्ड
ललितपुर, नेपाल
फोन. ०१–५५२५४००

## डाक्टर बन्न...

आन्दोलन चलिरहेको अवस्थामा पनि तीन ठूला दलले जवर्जस्ती संविधान निर्माण गरेर घोषणा गरेको थियो। त्यसपछि आन्दोलन झन चर्कियो। संविधान संशोधनको माग राख्दै सुरु भएको आन्दोलनमा राजु गुप्ता सामेल हुनुभयो। राजु गुप्ता भन्नुहुन्छ, 'तर त्यो आन्दोलनमा राजेन्द्र महतोको भूमिका राम्रो देखिएन, मधेशी मोर्चाले आन्दोलनको कार्यक्रम घोषणा गरेपनि आफ्नो तरिकाले आन्दोलनमा लाग्नुहुन्थ्यो, शंकास्पद भूमिका देखेपछि मैले सो पार्टी छाडेर उपेन्द्र यादव नेतृत्वको तत्कालिन संघीय समाजवादी फोरममा प्रवेश गरे।' फोरममा राजु गुप्ताले केन्द्रीय सदस्य पाउनुभयो। त्यसको एक वर्षपछि २०७४ मा चुनाव भयो।

त्यो चुनावमा राजु गुप्ता सिरहा १ को (ख) मा चुनाव लड्नुभयो। तर उहाँ चुनाव हार्नुभयो। एमालेका अशोक यादव चुनाव जित्नुभएको थियो। राजु गुप्ता भन्नुहुन्छ, 'म कसरी चुनाव हारे त्यतातिर नजाउ तर म चुनाव हारे पनि कहिले आफ्नो क्षेत्र छाडिनन्, क्षेत्रमा झन सक्रिय भए।' पार्टीको केन्द्रमा कुनै आवश्यक काम भएपछि मात्र त्यहाँ जान्थे तर त्यसबाहेक अन्य समय क्षेत्रमा नै बित्थ्यो। सोही मेहनतका कारण राजु गुप्ता २०७९ मा प्रदेश सभाको चुनाव जित्नुभयो। तीन हजार ६ मतले चुनाव जित्नु भएका राजु गुप्ता प्रदेश सभा संसदीय दलको सचिव हुनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'म आफ्नै मुखले भन्दा बडाई गरेको जस्तो हुन्छ तर गएर हेर्दा पनि हुन्छ क्षेत्रमा गरेको कामले क्षेत्रको मुहार फेरेको छु। सबैको इच्छा त पुरा गर्न सकिदैन तर विगतभन्दा धेरै राम्रो अवस्था छ।'

जसपा नेपालको जेठमा सम्पन्न महाधिवेशनमा राजु गुप्ताले सचिवमा उम्मेदवारी दिनुभएको थियो तर महाधिवेशनले केन्द्रीय समिति, पदाधिकारी तथा कार्यकारिणी समिति गठन गर्ने अधिकार जसपाका अध्यक्ष उपेन्द्र यादवलाई दिएको थियो। राजु गुप्ता पार्टीको सचिव त बन्न पाउनु भएन तर कार्यकारिणी सदस्य बन्नुभएको छ।

### परिवारको साथ

भारत विहारको छपरा जिल्लाका स्वाती गुप्तासँग विहे गर्नुभएका राजु गुप्ताका दुई जना छोरा र एक जना छोरी छन्। रिसव राज गुप्ता भारतको दिल्लीमा बीबीएस अध्ययन गरिरहेका छन्। बैभवराज गुप्ता र छोरी समिक्षाराज गुप्ता भारतमै १२ कक्षामा अध्ययनरत छन्। राजु तीन दाजु भाइ हुनुहुन्छ। एक जना दाजु जयप्रकाश गुप्ताका असामयिक निधन भएको छ भने देवप्रकाश गुप्ता इन्जिनियर हुनुहुन्थ्यो अहिले काठमाडौंम आफ्नै व्यवसाय सञ्चालन गरेर बस्नुभएको छ।

राजु गुप्ता भन्नुहुन्छ, 'म पढाई छाडेर राजनीतिमा आउँदा आमा बुबा तथा दाजुले चित्त दुखाउनु भएको थियो तर मेरो रुची देखेर उहाँहरुले पनि साथ दिनुभयो। आमाबुवाको सपना डाक्टर बनाउनु थियो तर म राजनीतिमा आउँदा छोरा बिग्रिन्छ कि भनि चिन्ता थियो तर मेरो रुची र लगाव देखेर उहाँहरु पनि मान्नुभयो।' राजु गुप्ताको राजनीति सफल बनाउनुमा उहाँका श्रीमती स्वातीको पनि ठूलो हात रहेको छ। स्वाती पनि ब्याचलरसम्म अध्ययन गर्नुभएको छ। तर राजु गुप्ता राजनीतिमा लागेको कारण आफ्नो इच्छा आँकाक्षा सबै दबाएर उहाँलाई साथ दिनुभयो। राजु गुप्ता भन्नुहुन्छ, 'मेरो राजनीति सफल बनाउनुमा स्वातीजीको पूर्ण सहयोग छ।'

बीएससीसम्म अध्ययन गरेपनि राजु गुप्ता कहिले पनि जागिरतिर ध्यान दिनु भएन। पढाई सकाएर एकैपटक डाक्टर बन्न चाहना उहाँको थियो। त्यही भएर दायाँ बायाँ नहेरी आफ्नो पढाई सकाउनुभयो। डाक्टरीमा नाम पनि निकाल्नुभयो तर राजनीतिका कारण उहाँले त्यसलाई निरन्तरता दिनुभएन। उहाँ भन्नुहुन्छ, 'गजेन्द्रबाबुले पनि मलाई जागिर गर्नका लागि भन्नुभएको थियो उहाँ मन्त्री हुँदा म जस्तो जागिर गर्न चाहन्थे त्यस्तै पाउथे तर मलाई सुरुमा डाक्टर बन्ने इच्छा थियो पछि त राजनीतिमा लागि सकेपछि जागिर गर्ने कुरै भएन।' राजेन्द्र महतो पनि मन्त्री भएको बेला जागिर खानका लागि भन्नुभएको थियो तर राजु गुप्ता सिधै इन्कार गर्नुभएको थियो। उहाँलाई चुनावी राजनीति गर्ने इच्छा थियो। र उहाँ त्यही गरिरहनु भएको छ।

पढाएर सकाएर नेपाल फर्केपछि केही गर्नुपर्छ भनेर २०५५ तिर साथीहरुसँग मिलेर बजाज एजेन्सी लिनुभयो र सिरहाको लहानमा सो एजेन्सीमार्फत शो रुपमा सञ्चालन गर्नुभयो। अहिले पनि त्यो एजेन्सी चलिरहेको छ। राजनीतिमा व्यस्त भएको कारणले पार्टनहरुले त्यसलाई ह्याण्डिल गर्नुभएको छ। सोही विजनेशमार्फत उहाँ साउथ अफ्रिका, सिगांपुर, बैंकक, दुवई, मलेसिया, फ्रान्ससम्मको यात्र गर्नुभएको छ। उहाँ भन्नुभयो, 'ती सबै टुर विजनेश टुर थियो कम्पनीको माध्यमबाट ती देशहरु घुमेको छु।'






# समाचार/विविध

## शाक्तिशाली बन्न...

चुनावमा अध्यक्ष ओलीले भारतकै विरोधमा बोल्नु भएको थियो । उहाँले जतिजति भारतको विरोध गर्दै जानुभयो त्यति त्यति वामगठबन्धनप्रति जनताको झुकाव बढ्दै गयो । चुनावपछि एमाले-माओवादीको एकता भयो र नेकपा बन्यो ।

२०७४ को चुनावपछि ओली नै प्रधानमन्त्री बन्नुभएको थियो । उहाँ प्रधानमन्त्री बनेपछि चीनले नेपालमा स्पेश पायो र भारतले निषेध । प्रधानमन्त्री ओलीले हरेक स्टेपमा भारतको विरोध गर्नुहुन्थ्यो । कालपानी, लिपुलेक, लिम्पुवाधुरा जो नेपाल-भारतको विवादीत भूमी हो । त्यसलाई समेटेर नेपालको नक्सा संशोधन गर्नुभयो । त्यसमा नेपालका सम्पूर्ण दलले साथ दिएका थिए । त्यसमा कसैले विमती जनाएका थिएन । हुँदा हुँदै उहाँले राम भारतमा होइन नेपालमा जन्मेको हो । ठोरीको अयोध्यापुरीमा रामको जन्म भएको हो भनेर त्यहाँ मन्दिर समेत बनाउन लगाउनु भयो । राम नै नेपालमा जन्मेको भनेपछि त ८० प्रतिशत हिन्दु रहेको नेपालका नेपालीहरु त ओलीको फ्यान नै भए । भारतलाई टक्कर दिने एक मात्र नेता ओली नै रहेको कुरा नेपाली जनताको दिमागमा राख्न उहाँ सफल हुनुभयो । त्यसपछि ओलीले जे हुँदा भारतको दोष देखाएर उम्किनु हुन्थ्यो । उहाँले दुई दुई पटक संसद विघटन गर्नुभयो । त्यसमा पनि उहाँले भारतलाई नै दोष देखाउनु भएको थियो । नेपालमा अन्तराष्ट्रिय चेलखेल भइरहेको छ, गणतन्त्रमाथि खतरा छ, नयाँ जनादेशका लागि भन्दै उहाँले संसद विघटन गर्नुभएको थियो । त्यसपछि माओवादी, काँग्रेस, जसपा नेपालले त्यसको विरुद्ध आन्दोलन गरेर उहाँलाई अपदस्थ गरे ।

ओलीले त्यसमा पनि भारतलाई नै दोष देखाउनु भयो । भारतले नै प्रधानमन्त्रीबाट हटाएको कुरा उहाँले दोहोर्याई तेहराइ भन्नुभयो । त्यसले उहाँले जनतामा भारतप्रति नाकारात्मक धारणा बसाउन सफल हुनुभयो । नेपालमा जेजति खेल भइरहेका छन् भारतले नै गराई रहेको भनि भ्रम फैलाउने काम उहाँले पटक पटक गर्नुभएको थियो । चुनाव आउन लाग्दा उहाँले झन भारतको विरोधमा उत्रिनुभयो । त्यसैको नतिजा हो २०७९ को चुनावमा उहाँ ठूलो शक्ति भएर उदय हुनुभयो । चुनाव एक्लै लडेपनि राम्रो मत ल्याउन सफल हुनुभयो । उहाँलाई जति पनि मत आएका थिए सबै भारत विरोधका कारणले आएको थियो । उहाँले आफूलाई राष्ट्रवादी नेताको रुपमा उभ्याउनु भएको थियो । नेपाली जनताले पनि उहाँलाई राष्ट्रवादी नेता भन्न थालेको थियो । ओलीले चुनावमा चुच्चे नक्सा, नाकाबन्दी बेचेर मत खरिद गर्नुभयो । ठूलो शक्तिको पार्टी बनाउनु भयो । तर प्रधानमन्त्री बन्नु भएन । काँग्रेस-माओवादी गठबन्धनको सरकार लामो समय रह्यो । त्यो सरकार भारतले बनाएको भनि ओलीले पटक पटक आरोप लगाउनु भएको थियो । काँग्रेस-माओवादी गठबन्धन नै भारतले बनाएको कुरा उहाँले खुलम खुल्ला भनिरहनु भएको थियो । पछिल्लो समय काँग्रेस-एमालेको गठबन्धन बन्यो । यो गठबन्धन अमेरिकाले बनाएको हो तर त्यो कुरा ओलीले स्विकार गर्नुभएको छैन । यो कुरा उहाँ मान्न तयार हुनुहुन्न ।

तर उहाँ अहिले फेरि भारतको विरोध गर्न थाल्नु भएको छ । इपिजी प्रतिवेदन सार्वजनिक गर्न भारतलाई दबाब दिन थाल्नुभएको छ । नेपाल-भारत बिच रहेको समस्या समाधान गर्न उहाँले दबाब दिन थाल्नुभएको छ । नेपाली जनतामा भारत विरोध भावना जागृत गरेर जहिले पनि ओली शक्तिशाली नेताको रुपमा आफूलाई राख्न चाहनु भएको छ । उहाँका लागि यो एउटा फण्डा नै बनिसकेको छ । तर उहाँले भारतसँग संवादको लागि कहिले पहल गर्नुभएन । नेपाल-भारत बिच देखिएको सानोतिनो समस्या दुई देशको बिचमा संवाद गरेर समाधान गर्न सकिन्छ यो कुनै ठूलो कुरा होइन तर प्रधानमन्त्री ओलीबाट यो कुराको लागि पहल गरेको कहिले देखिएन । नेपाल-भारत बिचको समस्या समाधान भयो भने सबभन्दा बढी घाटा ओलीलाई हुन्छ । त्यसपछि राजनीति गर्ने एजेण्डा नै हुँदैन उहाँसँग । उहाँले थाह पाइसक्नु भएको छ कि नेपालमा भारतको जति विरोध गर्‍यो नेपाली जनता त्यति नै खुशी हुन्छ र उहाँले त्यही गरिरहनु भएको छ । उहाँले भारतको जति विरोध गर्नुहुन्छ त्यसको २५ प्रतिशत पनि समाधानका लागि काम गरेको भएको आज यो समस्या आउने थिएन ।

## मधेश आन्दोलनका...

मुस्लिम आयोगमा सरकारको लगानी छ । मुस्लिमको हकहित र संरक्षणका लागि काम गर्नुपर्ने आयोगले गलत क्रियाकलापमा लागेका मुस्लिमलाई संरक्षण गरिरहेको छ । आयोगमा विदेशी लगानी छ, त्यहाँ विभिन्न खालको विदेशी गतिविधिहरु गरिरहेको छ । हिन्दुको ट्रस्ट छ, मन्दिर छ । त्यो मन्दिरको आम्दानीबाट चलिरहेको छ तर कुनै पनि मदरसा त्यहीको लगानीमा चलेको छैन, अधिकाँशमा विदेशीको लगानी छ । र त्यो मदरसाको माध्यमबाट मुस्लिम समुदायमाथि लगानी भइरहेको छ ।

**तपाईलाई के लाग्छ नेपाल हिन्दु राष्ट्र बन्छ ?**

हण्ड्रेड प्रतिशत हुन्छ । अहिले ठूला भनाउँदा दलहरुमा पनि हिन्दु राष्ट्रका लागि कुरा उठ्न थालेको छ । देशको सबभन्दा ठूलो दल काँग्रेसको बैठकमा एजेण्डाकै रुपमा हिन्दु राष्ट्रको कुरा प्रवेश पाएको छ । माओवादी केन्द्रमा पनि धेरै नेताहरु हिन्दु राष्ट्रको पक्षमा वकालत गर्न थालेका छन् । एमालेमा पनि हिन्दुको राष्ट्रको कुरा उठ्न थालेको छ । हेर्नु होला कुनै दिन एमालेका अध्यक्ष केपी शर्मा ओली स्वयंले पनि हिन्दु राष्ट्रका लागि बोल्न थाल्नु हुन्छ । हामी आशा गर्छौं कि अहिलेका गठबन्धन दलहरुले गर्न लागेको संविधान संशोधनमा नै हिन्दु राष्ट्र पनि राख्नुपर्छ । र नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्नुपर्छ । यदि दललहरुले गरेन भने जनता सडकमा आएर हिन्दु राष्ट्र घोषणा गराउन बाध्य पार्नेछ ।

**नेपालमा ८० प्रतिशतभन्दा जनसँख्या हिन्दुको छ तर त्यसमध्ये १० प्रतिशत जनता पनि सडकमा आइरहेका छैनन् अनि कसरी सडकबाट हिन्दु राष्ट्र घोषणा हुन्छ ?**

सडकमा कति हिन्दु आइरहेका छन्, कति आइरहेका छैनन् त्यसको हिसाब किताब हामीले गरेका छैनौं । नेपालका हरेकको मनमा हिन्दु राष्ट्र बसिसकेको छ । ती सबै समयको पर्खाइमा छन् । २०८४ को चुनावमा यो कुरा विस्तृत रुपमा उठ्छ । हिन्दु राष्ट्रका लागि जनता ध्रुवीकृत हुन्छ । नेताहरु हिन्दु राष्ट्रको नाममा भोट माग्नेछन् । जुन दल हिन्दु राष्ट्रको कुरा उठाउछ त्यो दललाई नै जनताले मत दिनेछ ।

**भन्नाले ८४ को चुनावपछि देशमा हिन्दु राष्ट्र कायम हुन्छ ?**

चुनावबाट हिन्दु राष्ट्र बन्नुपर्छ भन्नेहरुको बहुमत आउँछ र त्यो मतले संसदबाट संविधान संशोधन गरेर देशमा हिन्दु राष्ट्र कायम गर्छ । नेपाली जनताको मनमा हिन्दु राष्ट्र बसिसकेको छ । बंगलादेशमा हिन्दु र बुद्धिस्टमाथि आक्रमण हुँदा नेपालमा जनसागर ओर्लेर त्यसको विरोध गरेको थियो । आउने दिनमा त्यही जनता नेपाललाई हिन्दु राष्ट्र बनाउनुपर्छ भनि सडकमा आउँदैन भनि भन्न सकिदैन । जनतामा उकुस मुकुस छ त्यसको रियाक्सन ८४ को चुनावमा देखाउछ ।

**तपाई मुलधारको राजनीतिमा रहेर आन्दोलन गर्नुभयो, लोकतन्त्र र संघीयताका लागि आन्दोलन गर्नुभयो तर अहिले एउटा सानो समूहमा लागेर हिन्दु राष्ट्रका लागि आन्दोलन गरिरहनु भएको कस्तो लागि रहेको छ ?**

म जति बेला मधेशी जनअधिकार फोरमबाट आन्दोलनको सुरुवात गरेको थिए त्यतिबेला पनि मलाई यस्तै प्रश्न गर्थ्यो मान्छेले । अहिलेको जस्तो त्यतिबेला पनि फोरम एउटा सानो समूह नै थियो । सामाजिक संस्थाको रुपमा थियो । कसैले पत्याइ रहेको थिएन । देशमा संघीयता ल्याउनुपर्छ, गणतन्त्र ल्याउनुपर्छ । मधेशीको अधिकारका लागि लड्नुपर्छ । आफ्नै शासन आफ्नै प्रशासनका लागि लड्नुपर्छ भन्दा कसैल पत्याउँदैन्थ्यो । सबैले मजाक उडाउथ्यो । यो देशमा पनि गणतन्त्र आउँछ र । यो देशले मधेशीलाई अधिकार दिन्छ र सम्भव नै छैन जस्ता कुरा गर्थे । यस्ता कुरा गर्नेहरु अहिले मधेश प्रदेशका विभिन्न पदमा छन् । सानो सानो कार्यक्रम गर्थे । व्यक्तिका घरघरमा जान्थे । अफिसमा जान्थे । एक एक व्यक्तिलाई कन्भिन्स गर्थे । आखिर भयो त सम्भव । देशमा संघीय लोकतान्त्रिक गणतन्त्र आयो त । मधेश प्रदेश बन्यो त । मधेशी जनताको आफ्नै शासन आफ्नै प्रशासन भयो त । हो अहिले पनि हिन्दु राष्ट्रका लागि आन्दोलन गर्दा धेरैलाई विश्वास लागि रहेको छैन । तर एक दिन यसले देशमा हिन्दु राष्ट्र कायम गर्छ । आन्दोलन सानो वा ठूलो, संगठन सानो वा ठूलो हुँदैन एजेण्डा र मिसन जनताको हितमा हुनुपर्छ । एक दिन न एकदिन जनता साथ दिन बाध्य हुन्छ ।

**यो एजेण्डा लिएर तपाईको अभियान ८४ को चुनावमा भाग लिन्छ त ?**

हामी त्यसको तयारीमा लागेका छौं । ०८४ को चुनावमा हिन्दु राष्ट्रको एजेण्डाका साथै अन्य एजेण्डा लिएर हाम्रो अभियान सहभागी हुन्छ । त्यसका लागि तयारी भइरहेको छ । पार्टी बनाउने विषयमा आन्तरिक छलफल भइरहेको छ । सम्भव त आफ्नै पार्टी लिएर चुनावमा जाने । नभए अरु दलसँग सहकार्य गरेर ८४ को चुनावमा भाग लिन्छौं ।

**पछिल्लो समय तपाईहरु चीनको विरुद्धमा आन्दोलन गरिरहनु भएको छ किन ?**

चीनले नेपालमा आफ्नो अनावश्यक हस्तक्षेप बढाइ रहेको छ । हिन्दुको परम्पार र सँस्कृतिमाथि प्रहार गरिरहेको छ । नेपाललाई ऋणको जालमा फँसाइ रहेको छ । विकासको नाममा देशलाई कँगाल र मरुभूमी बनाइ रहेको छ । बीरआइ जस्ता प्रोजेक्टमा नेपाललाई फँसाइ रहेको छ । त्यसको हामीले विरोध गरिरहेका छौं । पोखरा एयरपोर्ट बनाएको छ तर अहिलेसम्म सञ्चालनमा ल्याउन सकेको छैन । त्यहाँ भएको भ्रष्टाचारले देशलाई बदनाम गराएको छ । पोखरा एयरपोर्टमा भ्रष्टाचार भएको छ भने सांसदहरुको अनुगमनले पुष्टि गरिसकेको छ । त्यो भ्रष्टाचारमा चीनको पनि हात रहेको छ । यो कुरा चीनले स्विकार गर्नुपर्ने हो । यी सब माग राखेर हामीले आन्दोलन गरिरहेका छौं ।


# संविधानको रक्षार्थ सबै जुटौं

- संविधान देशको मुल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो ।
- संविधान प्रदत्त जनताको हक र अधिकारको रषा गर्नु सबैको कर्तव्य हो ।
- संविधानको मर्मअनुरुप निर्माण गरिएका कानूनले राज्यका निकायहरुको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ ।
- संविधानसँग बाझिने कानुन, नीति तथा विधिहरु अमान्य हुन्छन् ।

***त्यसैले संविधानको पालना गर्नु सबैको कर्तव्य हो ।***

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**





**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार